# वीरेन्द्रनगर शहरका
# गौरव, आशा र सार्वजनिक सवाल

## एक अध्ययन



PURAK ASIA

ऋति फाउन्डेसन

# वीरेन्द्रनगर शहरका
# गौरव, आशा र सार्वजनिक सवाल

**एक अध्ययन**

ऋति फाउन्डेसन र पुरक एशिया
२०८२

**प्रकाशक : ऋति फाउन्डेसन**

वीरेन्द्रनगर-०८, सुर्खेत कर्णाली प्रदेश नेपाल
टेलिफोनः (+९७७)-०८३५२१५६४
ईमेलः **info@hriti.org**
वेबसाइटः **www.hriti.org**

**डिजाइन/लेआउट : मिडिया आर्क इंक**

@ऋति फाउन्डेसन

यो प्रकाशन पूरक एशियाको सहयोगमा प्रकाशित गरिएको हो । यस प्रकाशनमा व्यक्त गरिएका विचाहरुले ऋति फाउन्डेसन र पूरक एशियाको विचारलाई प्रतिनिधित्व नगर्न पनि सक्छन् ।

# कृतज्ञता

ऋति फाउन्डेसनले पुरक एशियासँगको सहकार्यमा कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगर शहरका गौरव, आशा र सार्वजनिक सवाल सम्बन्धमा यस अनुसन्धान पत्र तयार गरेको छ । यस अध्ययनको क्रममा हामीलाई सहयोग गर्नुहुने सम्पूर्णप्रति आभारी छौं ।

अध्ययन सफल बनाउन उत्तरदाताको रुपमा रहनुभएका व्यक्तिहरु, सर्भेको काममा खटिनु भएका निशा विश्वकर्मा, सुविच्छा विसी र रचना पन्थी धन्यवादको पात्र हुनुहुन्छ । यस अनुसन्धानमा संग्लग्न दिनेश गौतम, डा. दिपेश घिमिरे, कमलराज लम्साल र लक्ष्मी प्रसाद पौडेल प्रति हामी कृतज्ञ छौं । अध्ययनका क्रममा सुझाव प्रदान गर्नुहुने वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकाल एवं नगरपालिकाको टिम, विषय विज्ञ, वीरेन्द्रनगरलाई नजिकबाट नियालिरहनुभएका नागरिक समाजका प्रतिनिधि सबै धन्यवादका पात्र हुनुहुन्छ ।

यस अध्ययनले वीरेन्द्रनगर शहरका मुख्य सवालहरु पहिल्याइ दिगो शहर बनाउनका लागि नीति निर्माताहरुलाई योगदान गर्नेछ भन्ने अपेक्षा गरेका छौं । अध्ययनलाई सफल बनाउन प्राविधिक सहयोग गर्नुहुने पूरक एशियाप्रति पनि आभारी छौं ।

दिनेश गौतम
कार्यकारी निर्देशक,
-ऋति फाउन्डेसन

# विषयसूची

*कृतज्ञता* क
*विषयसूची* ख
*संक्षिप्त शब्दावली सुची* ग
*कार्यकारी सारांश* घ

**१. परिचय** १
१.१ पृष्ठभूमि १
१.२ वीरेन्द्रनगरमा दिगो शहरी विकासको अवधारणा ३
१.३ स्थिति विश्लेषण ६
१.४ अध्ययनको उद्देश्य ७
१.५ अध्ययनको महत्व ७
१.६ अनुसन्धान विधि ८

**२. वीरेन्द्रनगरको ऐतिहासिकता एवं वर्तमान अवस्था** ११
२.१ वीरेन्द्रनगर नगरपालिकाको इतिहास ११
२.३ वीरेन्द्रनगर नगरपालिका र शहरको प्रशासनिक विभाजनसम्बन्धी विवरण १६
२.४ कसरी बन्यो वीरेन्द्रनगर? १७
२.५ वीरेन्द्रनगरका प्रमुख प्राथमिकताका क्षेत्रहरु १९

**३. वीरेन्द्रनगरका गौरव, आशा र सार्वजनिक सवालहरु** २३
३.१ वीरेन्द्रनगरको गौरव २३
३.२ वीरेन्द्रनगरका आशा ३३

**४. निष्कर्ष तथा सुझाबहरु** ५३
४.१ निष्कर्ष ५३
४.२ सुझाबहरु ५७

*अनुसूची १* ६१

# संक्षिप्त शब्दावली सुची

| संक्षिप्त शब्द | पूरा रूप |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिति |
| वि.सं. | विक्रम संवत |
| वर्ग किमी | वर्ग किलोमिटर |
| नं. | नम्बर |
| न.पा. | नगरपालिका |
| वडा नं. | वडा नम्बर |
| FGD | Focus Group Discussion (समूह छलफल) |
| KII | Key Informant Interview (मुख्य सुचकसँग अन्तर्वार्ता) |

# कार्यकारी सारांश

वीरेन्द्रनगर नगरपालिका, कर्णाली प्रदेशको राजधानी, पछिल्ला वर्षहरूमा तीव्र शहरीकरण हुँदै आएको शहर हो । ऐतिहासिक दृष्टिले योजनाबद्ध रुपमा विकसित भएको यो शहर भौगोलिक सौन्दर्य, शैक्षिक केन्द्र, धार्मिक–सांस्कृतिक सम्पदा र प्रशासनिक महत्त्वका कारण प्रदेशकै प्रमुख शहरका रूपमा स्थापित भएको छ । तर, जनसंख्या वृद्धिदर र बसोबासको चापसँगै पूर्वाधार, शहरी विस्तार र सामाजिक समस्याहरूले दिगो शहरी व्यवस्थापनमा चुनौती सिर्जना गरेको छ । प्रस्तुत अध्ययनले शहरका गौरवका पक्षहरू, बासिन्दाहरूका आशा र अपेक्षाहरू, तथा सार्वजनिक सवालहरूको पहिचान र विश्लेषण गरेको छ ।

अध्ययनमा गुणात्मक (अन्तर्वार्ता, समूह छलफल र अवलोकन) र संख्यात्मक (४०५ जनासँग गरिएको सर्वेक्षण) दुवै पद्धति प्रयोग गरिएको छ । यसले वीरेन्द्रनगरमा बसोबास गर्ने विभिन्न समुदायका धारणा, अनुभव र प्राथमिकतालाई समग्र रूपमा प्रस्तुत गर्न मद्दत गरेको छ । परिणामहरूका आधारमा, बासिन्दाहरूमा शहरप्रतिको गहिरो गौरव र उज्ज्वल भविष्यप्रतिको आशा दुवै प्रष्ट देखिन्छ ।

शहरका गौरवका आयामहरू बहुआयमिक छन् । मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत बहुमुखी क्याम्पस र अन्य शिक्षण संस्थाहरूले वीरेन्द्रनगरलाई प्रदेशकै प्रमुख शैक्षिक केन्द्र बनाएका छन्, जसप्रति ६१% उत्तरदाताले गर्व व्यक्त गरेका छन् । ऐतिहासिक र धार्मिक स्थलहरू जस्तै काँक्रेविहार, देउती बज्यै र बुलबुले उद्यानमा ५८% उत्तरदाताले गौरव महसुस गरेका छन् । प्राकृतिक हावापानी र उपत्यकाको भौगोलिक सौन्दर्य, विभिन्न जात–धर्म र भौगोलिक पृष्ठभूमिबाट आएका मानिसहरूको बहुसांस्कृतिक सहअस्तित्व र सामाजिक सद्भाव पनि शहरको गर्वका पक्ष हुन् । कर्णाली प्रदेशको राजधानीको हैसियतले प्रशासनिक सुविधा, सडक र अन्य पूर्वाधारको पहुँचमा सुधार ल्याएको छ ।

शहरको वारेमा यहाँका वासिन्दाको भविष्यप्रतिको आशा पनि बलियो छ । सर्वेक्षणमा ९५% उत्तरदाताहरू वीरेन्द्रनगरको उज्ज्वल भविष्यप्रति आशावादी देखिएका छन् । उनीहरूको प्रमुख अपेक्षा खानेपानी, विद्युत, सडक र स्वास्थ्य सेवामा गुणात्मक सुधार, रोजगारीका अवसर सृजना, तथा स्वरोजगार र पर्यटन विकासमा केन्द्रित छ । विशेषगरी

भेरी लिफ्टिङ आयोजना, सुर्खेत विमानस्थल विस्तार, र खेलकुद पूर्वाधारजस्ता योजनाहरूलाई दीर्घकालीन आशाका रूपमा लिइएको छ । स्थानीय संस्कृतिहरू—देउडा, थारु र मगर—को संरक्षण, र काँक्रेविहार–देउती बज्यैजस्ता स्थलहरूको पर्यटकीय व्यवस्थापनले शहरलाई सांस्कृतिक गन्तव्यका रूपमा उभ्याउने विश्वास राखिएको छ ।

यद्यपि, वीरेन्द्रनगरमा धेरै सार्वजनिक सवालहरू पहिचान भएका छन् । खानेपानीको अभाव सबैभन्दा ठूलो समस्या हो, जसले दैनिक जीवन र स्वास्थ्यमा सीधा असर पारिरहेको छ । अनियमित विद्युत आपूर्ति र फोहोरमैला व्यवस्थापनमा देखिएको कमजोरीले पनि जनजीवन प्रभावित पारेको छ; दैनिक १२ टन फोहोर उत्पादन हुँदा वार्षिक ४,३२० मेट्रिक टन फोहोर व्यवस्थापन हुन सकेको छैन । लागूपदार्थ दुर्व्यसन, बेरोजगारी र अव्यवस्थित शहरी विस्तार सामाजिक सुरक्षाका चुनौती बनेका छन् । सेवा प्रवाहमा असन्तुष्टि पनि उल्लेख्य छ ।

अध्ययनमा केही सुझावहरू प्रस्तुत गरिएका छन् । पहिलो, विगतका गुरुयोजनाको पुनरावलोकन गर्दै वर्तमान आवश्यकता र दिगो विकास अवधारणासँग मेल खाने नयाँ गुरुयोजना निर्माण गर्नु आवश्यक छ । दोस्रो, खानेपानी र विद्युत आपूर्ति प्रणालीमा सुधार, फोहोरमैला व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग, तथा हरित क्षेत्र र वातावरण संरक्षणलाई प्राथमिकता दिनुपर्छ । तेस्रो, स्थानीय रोजगारी र स्वरोजगार प्रवर्द्धनका लागि कृषि, होमस्टे, हस्तकला र साना उद्योगमा सीपमूलक तालिम र वित्तीय पहुँच सुनिश्चित गर्नुपर्छ । चौथो, काँक्रेविहार, देउती बज्यै र बुलबुले उद्यानजस्ता स्थलहरूको संरक्षण र पर्यटकीय प्रवर्द्धनसँगै सांस्कृतिक महोत्सव र बौद्धिक बहस कार्यक्रमहरूलाई नियमित गर्ने आवश्यकता छ । अन्त्यमा, योजना निर्माण र कार्यान्वयनमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै महिला, युवा र सीमान्तकृत समूहको आवाजलाई प्राथमिकता दिनुपर्छ ।

यसरी, वीरेन्द्रनगर शहरको गौरव र सांस्कृतिक विविधतालाई जगेर्ना गर्दै वर्तमान चुनौतीहरूको समाधान र भविष्यका आशाहरूलाई कार्यान्वयनमा उतार्न सक्ने खालको समावेशी, वातावरणमैत्री र दिगो शहरी योजना आजको आवश्यकता हो ।

परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

पृथ्वीमा मानिसको संख्या बढ्दै गएको छ र हाल धेरैजसो मानिस शहरी इलाकामा बस्छन् । विश्वव्यापी रुपमा ५८ प्रतिशत मानिस शहरी क्षेत्रमा बसोबास गर्ने गरेको पाइएको छ ।[१] अमेरिकामा ८३[२] प्रतिशत र चीनमा ६३[३] प्रतिशत मानिस शहरमा बस्छन् । भारतमा पनि शहरी बासिन्दाको संख्या बढ्दै गएको छ । सन् १९०१ मा जम्मा ११ प्रतिशत शहरी जनसंख्या रहेको भारतमा सन् २००१ सम्म आइपुग्दा उक्त प्रतिशत २९ पुगेको थियो । सन् २०२१ मा उक्त संख्या ३५.३९ प्रतिशत पुगेको छ ।[४] संयुक्त राष्ट्र संघको एक सर्वेक्षण अनुसार सन् २०३० सम्म भारतका शहरी क्षेत्रमा बस्ने जनसंख्या ४० प्रतिशत भन्दा बढी हुने अनुमान छ ।

नेपालमा सहरी जनसंख्या बढेर कुल जनसंख्याको २७.०७ प्रतिशत पुगेको छ । राष्ट्रिय जनगणना ०६८ र ०७८ अनुसार क्रमश सहरी जनसंख्या २२.३१ प्रतिशतबाट बढेर २७.०७ पुगेको छ । त्यसैगरी, सहरोन्मुख जनसंख्या ३९.१९ प्रतिशतबाट बढेर ३९.७५ प्रतिशत पुगेको छ ।[५]

धेरै मानिस बसोबास गर्ने भएकाले शहरमा धेरै सेवा सुविधा उपलब्ध हुन्छन् । धेरैले शहरमा आफ्ना रहर पूरा गर्ने अवसर पाउँछन् । धेरै मानिसका धेरै आकाँक्षा र आवश्यकता

---

१ United Nations, Department of Economic and Social Affairs, Statistical Division (UNSD). (2023, July). The Sustainable Development Goals Report 2023: Special Edition. Sustainable Development Goal Indicators: Goal 11 – Make cities and human settlements inclusive, safe, resilient and sustainable. United Nations. Retrieved from https://unstats.un.org/sdgs/report/2023/goal-11/

२ World Bank. (2025). Urban population (% of total population) (Indicator SP.URB.TOTL.IN.ZS): United States. In *World Development Indicators*. Retrieved August 6, 2025, from https://data.worldbank.org/indicator/SP.URB.TOTL.IN.ZS?locations=US

३ Statista. (2025). Retrieved August 6, 2025, from https://www.statista.com/statistics/270162/urbanization-in-china/

४ **World Bank. (2025). *Urban population (% of total population) (Indicator SP.URB.TOTL.IN.ZS): India.* World Development Indicators. Retrieved August 6, 2025, from** https://data.worldbank.org/indicator/SP.URB.TOTL.IN.ZS?locations=IN

५ Naya Patrika. (2024, January 3). सहरी जनसंख्या २७.०७ प्रतिशत पुग्यो. *Naya Patrika*. https://www.nayapatrikadaily.com/news-details/131666/2024-01-03

पूरा गर्न शहर प्रवर्तनकारी र रचनात्मक हुन्छ । अर्कोतर्फ शहर आविष्कारको स्रोत पनि हो– जसले विश्वव्यापी समस्या समाधानको सुत्र पहिल्याउन सक्छ । मुख्यतया सामुदायिक साझेदारी भावनाको विकास, सामाजिक असमानताको अन्त्यका लागि सार्थक प्रयास, समावेशी अर्थतन्त्रको प्रवर्द्धन, वातावरणमैत्री संरचनाको निर्माण, समतामूलक यातायात, समुदायमा आधारित उर्जा खपत योजना, बजार रुपान्तरण आदि आजका प्रमुख शहरी मुद्दा हुन् । अतः मानव समाजलाई गतिशील र सिर्जनशील बनाउने शहर क्रान्ति र परिवर्तनका प्रतिक पनि हुन् ।

शहर उर्जा खपतको केन्द्र पनि हो । हाल उत्पादित उर्जाको दुई तिहाई शहरमा खपत भएको छ जसका कारण शहरमा प्रदूषण बढी छ । अर्कोतर्फ, शहरमा धनी र गरिबबीचको खाडल पनि बढी छ भने शहरी जीवनशैलीले परम्परागत सामाजिक मूल्य मान्यतामा विचलन आएको छ जसले गर्दा शहरमा अमानवीय होडबाजी देखिन्छ ।

शहरका यीनै नराम्रा पक्षलाई सुधार गरी बस्नलायक र समृद्ध बनाउन दिगो शहरी व्यवस्थापनको अवधारणा अघि आएको हो । दिगो शहरको अवधारणाभित्र समतामूलक र वातावरणमैत्री भौतिक संरचनाको निर्माण तथा प्रवर्द्धन, हरित उर्जाको विकास, रोजगार प्रर्वर्द्धन र स्थानीय समुदायको समुन्नति पर्दछ । त्यसका लागि विद्युतीकरण, पहुँचयोग्य आवास निर्माण र सामुदायिक विकास महत्वपूर्ण छन् । शहरमा बस्ने मानिसका आधारभूत आवश्यकताको परिपूर्तिका अलावा नीतिगत सुधारका काम गर्नु नै दिगो शहर निर्माणका आधार हुन् । जसमा शहरी विकास, बसाईं-सराईं, विकास निर्माण र विपत्ति, स्वास्थ्य समस्या लगायतका विषयमा अध्ययन अनुसन्धान र नीतिगत सुधारका काम पर्छन् ।

दिगो शहरले सामाजिक, आर्थिक र पर्यावरणीय प्रभावलाई सम्बोधन गर्ने खालको शहरी योजना निर्माण वा व्यवस्थापन गर्न प्रयास गर्छ । दिगो शहरका साझा विशेषता भनेकै पर्यावरणमैत्री भौतिक संरचनाहरुको निर्माण हो जहाँ पैदल यात्रा मार्ग तथा साइकल लेन निर्माणमा प्राथमिकता दिइएको हुन्छ । यसका अलावा शहरी खेती, प्रभावकारी सार्वजनिक यातायात, नवीकरणीय उर्जाको प्रयोग, फोहोर व्यवस्थापन, पानीको स्रोत संरक्षण आदि पर्दछन् ।

संयुक्त राष्ट्रसंघले शान्ति र समृद्धिका साथै पृथ्वीको भविष्यका लागि अवलम्बन गर्नुपर्ने कुराहरुको सूची तयार गरि लागू गरेको छ जसलाई दिगो विकास लक्ष्य भनिन्छ । दिगो

विकासका १७ लक्ष्यमध्ये ११ औं नम्बरमा शहर र समुदायबारे व्यवस्था छ । जसले शहर र समुदायलाई समावेशी, सुरक्षित, लचिलो र दिगो बनाउने उद्धेश्य लिएको छ । शहरी सुविधा र जनसङ्ख्यालाई समायोजन गरी आधुनिक शहर निर्माण गर्न उचित र दिगो शहरी योजना चाहिन्छ । जसले वातावरण र संस्कृतिमैत्री जीवनयापनका लागि सहजीकरण गर्छ । यसका लागि दिगो विकास लक्ष्य नम्बर ११ ले विभिन्न १० वटा उद्धेश्य बोकेको छ ।[६] जसमा किफायती र सुरक्षित आवास, सुलभ र दिगो यातायात प्रणाली, समावेशी र दिगो शहरीकरण, प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, प्राकृतिक विपत्ति वा जोखिमबाट सुरक्षा, वातावरणीय प्रभाव न्यूनीकरण, सुरक्षित समावेशी र हरित खुला क्षेत्रको पहुँच अभिवृद्धि, गाउँ शहर जोड्न प्रभावकारी राष्ट्रिय तथा क्षेत्रीय योजना रहेका छन् । यसका साथै समावेशीता, स्रोत साधनको प्रभावकारिता एवं प्रकोप जोखिम न्यूनीकरणका लागि नीतिगत व्यवस्था र कार्यान्वयन तथा स्थानीय स्रोत साधनको प्रयोग गरी दिगो निर्माणका लागि विकासशील देशलाई सहयोग गर्ने आदि रहेका छन् ।

## १.२ वीरेन्द्रनगरमा दिगो शहरी विकासको अवधारणा

कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा भएको हो । उक्त समयमा सुर्खेत उपत्यका भित्र पर्ने कट्कुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायत भित्रका केही भागलाई मिलाएर वीरेन्द्रनगर नगर पञ्चायतका रुपमा स्थापना गरिएको थियो । नेपाल सरकारको २०७१ बैशाख २५ गतेको निर्णय बमोजिम साविकका छिमेकी उत्तरगंगा र लाटीकोइली गाविस एवं २०७१ मंसीर १६ गतेको निर्णय अनुसार जर्वुटा गाविस गाभेर वीरेन्द्रनगरको आकार ठूलो बनाइयो । यसका साथै २०७२ असार १५ गतेको नेपाल सरकारको निर्णय बमोजिम एक वडा थप गरी जम्मा वडा संख्या २५ कायम गरियो भने २०७३ फागुन २७ गते विस्तारित यस नगरमा साविकका गढी, रतु र गर्पन गाविस समावेश गरी कुल क्षेत्रफल २४५.८५ वर्ग किमी कायम गरियो । हाल वीरेन्द्रनगरमा १६ वटा वडा रहेका छन् ।[७]

नेपालको राजधानी काठमाडौं देखि करीब ६०० किमी पश्चिम उत्तरमा रहेको वीरेन्द्रनगर

६ United Nations. (n.d.). The 17 Goals. Sustainable Development Goals. Retrieved August 6, 2025, from https://sdgs.un.org/goals

७ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). संक्षिप्त परिचय. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

नगरपालिका उपत्यका आकारमा रहेको छ जुन समुन्द्री सतहबाट ६६५ मीटर उचाइमा रहेको छ। वीरेन्द्रनगरको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाग्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाड छन्। वीरेन्द्रनगरको पूर्वमा लेकबेशी र भेरीगंगा नगरपालिका, पश्चिममा बराहताल गाउँपालिका, उत्तरमा चिङ्गाड गाउँपालिका र दैलेख जिल्लाको गुराँस गाउँपालिका रहेका छन् भने दक्षिणमा भेरी नदी रहेको छ। दक्षिण तर्फ पानीढलो भएको कचौरा आकारको यस उपत्यका हावापानीका हिसाबले बस्नलायक छ। यहाँको तापक्रम कम्तीमा ४६ देखि बढीमा ९६ डिग्री फरेनहाइटसम्म रहेको पाइन्छ। हरियाली, मनोरम तथा कम घनत्व भएको यस नगरमा धेरै शहरी सुविधा उपलब्ध छन्।[८]

वीरेन्द्रनगर नगरपालिकामा बसोबासको प्रारम्भ २०२३ सालबाट भएको पाइन्छ। औलो उन्मुलन नहुँदासम्म उपत्यका क्षेत्रमा फाटफुट रुपमा थारु र राजी समुदायको बसोबास भने कायमै थियो। उपत्यकाको उत्तरी भागमा रहेको तत्कालीन जिल्ला सदरमुकाम गढी लगायत अन्य क्षेत्रमा भने केही बाक्लो बस्ती थियो। औलो उन्मूलन भएपश्चात् मात्रै सुर्खेत उपत्यकामा बसोबास बढ्न थाल्यो र सबै सरकारी कार्यालयहरुलाई स्थानान्तरण गरी सदरमुकाम तोकियो। त्यसपश्चात् सुर्खेत जिल्लाकै अन्य भाग सहित तत्कालीन भेरी, कर्णाली र राप्ती अञ्चलका विभिन्न पहाडी जिल्लाबाट सुर्खेत उपत्यकामा बसाईंसराईं भएको देखिन्छ। विशेष गरी ब्राह्मण, क्षेत्री, मगर, थारु, कामी, सार्की, दमाई, दशनामी सन्यासी आदि यहाँका प्रमुख जातिहरु हुन्। विभिन्न भौगोलिक क्षेत्रका रैथानेहरु बसाईं सरेर आएकाले वीरेन्द्रनगरमा साँस्कृतिक विविधता रहेको पाइन्छ। यहाँको साँस्कृतिक विविधता नै धेरैले गर्व गर्ने विषय बनेको छ।[९]

यातायात सुविधाका दृष्टिले हेर्दा वीरेन्द्रनगर नगरपालिका भित्र वि.सं. २०२२ सालमा विमानस्थल स्थापना भई नियमित उडान भर्नुका साथै २०३८ सालमा रत्न राजमार्गको निर्माण कार्य सम्पन्न भएपछि नियमित सडक यातायात सेवा शुरु भएको छ। वीरेन्द्रनगर नै कर्णाली प्रदेशका सबैजसो जिल्लाको प्रवेशद्वार हो। जसले गर्दा यो प्रदेशकै प्रमुख केन्द्रको रुपमा रहेको छ।[१०]

२०४७ सालमा सुर्खेत क्याम्पस (शिक्षा) को स्थापना भई उच्च शिक्षा अध्ययनको

८ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). संक्षिप्त परिचय. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

९ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). *संक्षिप्त परिचय*. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

१० वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). *संक्षिप्त परिचय*. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

प्रारम्भ भएको वीरेन्द्रनगरमा २०६७ सालमा मध्यपश्चिम विश्वविद्यालयको स्थापना भएसँगै यो पश्चिम नेपालकै एक प्रमुख शैक्षिक गन्तव्य बनेको छ। यहाँको जनसँख्या २०४८ को जनगणनामा २७,२८६ रहेकोमा पछिल्लो जनगणना २०७८ अनुसार १,५३,८६३ रहेको छ जसमध्ये २.७ प्रतिशत अपांगता भएका व्यक्तिहरु रहेका छन्। २०२९ सालमा निर्मित नगर योजनाले वीरेन्द्रनगरमा आधुनिक शहरको आधार तयार गरेको देखिन्छ। मुलुकको संघीयकरणसँगै वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानीको रुपमा स्थापित भएको छ। तत्कालीन ६ नम्बर प्रदेश सभाले २०७४ फागुन १२ गते प्रदेशको नाम कर्णाली र राजधानी वीरेन्द्रनगर तोक्यो। प्रदेश राजधानी घोषणा भएपश्चात् यहाँका भौतिक पूर्वाधारको विकासमा धेरै लगानी भएको छ।[११]

वीरेन्द्रनगरमा हाल कर्णाली प्रदेश अस्पताल, नगर अस्पताल, नगर हल लगायतका अत्यावश्यक पूर्वाधार तयार भएका छन्। नगरका सडक चौडा बनाई कालोपत्रे गरिएका छन्। यहाँ सामुदायिक तथा निजी पहलमा भवन निर्माण भई आवास प्रयोजनमा उपयोग गरिएका छन्। फोहोरमैला व्यवस्थापनका लागि आधुनिक प्रशोधन केन्द्र स्थापना गरिएको छ। वीरेन्द्रनगरमा निजी स्वामित्वमा रहेका सुविधा सम्पन्न होटल तथा अन्य व्यवसाय सञ्चालनमा रहेका छन् जसका कारण रोजगारीका क्षेत्र पनि फैलिंदै गएको छ। वीरेन्द्रनगरमा रहेका विभिन्न पर्यटकीय स्थान र कार्यक्रमहरुले पनि आवागमन बढेको छ। हाल वीरेन्द्रनगरदेखि काठमाडौं हवाई सेवाले समेत जोडेको छ। वीरेन्द्रनगरमा आयोजना हुने साँस्कृतिक तथा बैचारिक बहसका कार्यक्रम पनि यहाँका प्रमुख आकर्षण हुन्।

चौघानचौरको नामले परिचित सुर्खेत उपत्यका २०२९ सालपछि वीरेन्द्रनगर बनेको हो।[१२] उपयुक्त गुरुयोजनाकै कारण यो नगर थप व्यवस्थित बनेको हो। नेपालका उतिबेलाका चार विकास क्षेत्रमध्ये सुदूर पश्चिमाञ्चलको सदरमुकाम रहेको वीरेन्द्रनगर पछि मध्यपश्चिम विकास क्षेत्रको सदरमुकाम कायम रह्यो। हाल कर्णाली प्रदेशको राजधानी रहेको वीरेन्द्रनगरलाई दिगो शहरका रुपमा विकास गरी यहाँका बासिन्दालाई सुरक्षित र आशाबादी बनाउनु आजको प्रमुख सवाल हो।

यस अध्ययनले एकातिर वीरेन्द्रनगर नगरपालिकालाई दिगो शहरका रुपमा विकास गर्नमा

११ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). संक्षिप्त परिचय. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

१२ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). संक्षिप्त परिचय. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

देखिएका चुनौतिको विश्लेषण गर्ने प्रयास गरेको छ भने अर्कोतर्फ यहाँका बासिन्दामा रहेको आशाको जगेर्ना गर्दै शहरको सौन्दर्य र सुरक्षा कायम राखी यसलाई गर्व गर्न लायक शहरका रुपमा विकसित गर्न आवश्यक पहलहरुबारे चर्चा गरेको छ ।

## १.३. स्थिति विश्लेषण

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी हो । यो तीव्र शहरीकरणको प्रक्रियामा रहेको प्रमुख शहर हो । यस नगरपालिका भित्र शहरी विकासका भौतिक र आर्थिक संरचनाहरू तीव्र गतिमा विस्तार भइरहेका छन् । जसले शहरको विकासमा ठूला अवसर र सम्भावना सिर्जना गरेको छ । सँगसँगै, विभिन्न जटिल चुनौतीहरू पनि देखा परेका छन् । जसमा मुख्यतः जनसङ्ख्या वृद्धि, बसाईसराई, र पर्यावरणीय प्रभाव प्रमुख हुन् ।

वीरेन्द्रनगरमा जनसङ्ख्या तीव्र रूपमा बढिरहेको छ । कर्णाली प्रदेशका अन्य जिल्लाहरूबाट ठूलो संख्यामा मानिसहरू बसाईसराई गरी वीरेन्द्रनगरमा आएका छन् । परिणामस्वरूप, शहरको सेवा प्रणालीमा थप दबाब परेको छ । धेरै मानिसहरूको आगमनले शहरमा पूर्वाधारको पहुँच र सेवाहरूमा असमानता बढ्दै गएको छ ।

शहरीकरणको विस्तारसँगै वीरेन्द्रनगरमा पर्यावरणीय दबाब बढ्दै गएको छ । अत्याधिक जनसङ्ख्या र अनियन्त्रित विकासका कारण शहरले फोहोर व्यवस्थापन, प्रदूषण, र हरित क्षेत्रको संरक्षण जस्ता मुद्दाहरूमा कठिनाइ सामना गरिरहेको छ । फोहोर व्यवस्थापनका प्रयासहरु अपर्याप्त हुँदा जनस्वास्थ्य र वातावरणमा नकारात्मक असर पारिरहेको छ । बढ्दो प्रदूषणका कारण यहाँको हावा र पानीको गुणस्तर समेत खस्कँदै गएको छ ।

वीरेन्द्रनगरमा शहरीकरणका कारण सार्वजनिक सेवा विस्तारमा कठिनाई र सेवाको पहुँचमा असमानता बढ्दै गएको छ । जनसङ्ख्या बढ्दा सार्वजनिक सेवाहरू (जस्तै, पानी, बिजुली, यातायात, स्वास्थ्य सेवा) प्रभावकारी हुन सकिरहेका छैनन् । कतिपय क्षेत्रमा आधारभूत पूर्वाधारको पनि अभाव छ, जसले जनताको दैनिक जीवनमा थप कठिनाइहरू ल्याएको छ । उक्त अवस्था दिगो विकास र समावेशी शहरीकरणको मार्गमा प्रमुख अवरोध बनेको छ ।

यसै समस्याको सन्दर्भमा, वीरेन्द्रनगरलाई दिगो, समावेशी, र वातावरणमैत्री शहरी

विकासको दिशामा अघि बढाउन सहयोगी हुने हेतुले यो अध्ययन गरिएको छ। यस अध्ययनले वीरेन्द्रनगरको सामाजिक, आर्थिक, र पर्यावरणीय चुनौतीहरूको पहिचान गरी समावेशी, सुरक्षित, र लचिलो शहरी विकासका लागि आवश्यक पर्ने नीति, योजना, र रणनीति विकासको आधार तयार पार्ने लक्ष्य राखेको छ।

## १.४. अध्ययनको उद्देश्य

- वीरेन्द्रनगरमा शहरीकरणसँगै उत्पन्न भएका सामाजिक असमानता, आर्थिक अस्थिरता, र वातावरणीय असरहरू जस्तै प्रदूषण, सार्वजनिक सेवाको असमानता जस्ता समस्याहरू पहिचान गर्ने।
- वीरेन्द्रनगरमा उपलब्ध सार्वजनिक सेवा (जस्तै यातायात, फोहोर व्यवस्थापन, आवास) आदिको स्थिति विश्लेषण गर्ने, र यसका असमानताका कारण उत्पन्न चुनौतीहरूको अध्ययन गर्ने ।
- वीरेन्द्रनगरलाई दिगो, समावेशी, सुरक्षित र वातावरणमैत्री बनाउने सम्भावनाहरू अध्ययन गर्ने, आवश्यक सुधार र नीतिगत हस्तक्षेपहरू पहिचान गर्ने ।
- वीरेन्द्रनगरको साँस्कृतिक विविधता र पर्यटकीय सम्भावनाको अन्तर सम्बन्ध अध्ययन गर्ने।

## १.५. अध्ययनको महत्व

यस अध्ययनले वीरेन्द्रनगरलाई दिगो शहरी विकासको नमूना शहरका रूपमा काम गर्न महत्त्वपूर्ण योगदान दिनेछ। अध्ययनले वीरेन्द्रनगरमा शहरी विकासका लागि आवश्यक सुधार र नीतिगत हस्तक्षेपहरूको आवश्यकता पहिचान गर्नेछ। यसले नगरको भौतिक, आर्थिक, र सामाजिक विकासलाई दिगो र समावेशी बनाउन पनि सहयोग पुर्याउनेछ।

अध्ययनले वीरेन्द्रनगरलाई पर्यावरणमैत्री र समावेशी शहरीकरणको दिशामा अघि बढाउन ठोस उपायहरूको पहिचान गर्नेछ । पर्यावरणीय दबाब, प्रदूषण, फोहोर व्यवस्थापन, र आधारभूत पूर्वाधारको समस्यालाई दिगो समाधान गर्न नीति निर्माण र योजनाको आवश्यकतालाई यस अध्ययनले उजागर गर्नेछ। अध्ययनले शहरीकरणसँगै

स्थानीय रोजगारी सिर्जना गर्ने सम्भावनाहरू पनि पहिचान गर्नेछ । समावेशी विकासले नगरबासीहरूलाई प्रत्यक्ष लाभ दिलाउने र दिगो आर्थिक सुधारको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

अध्ययनले नगरको जनसंख्याको वृद्धि, बसाईसराई, र सार्वजनिक सेवा प्रवाहमा आएका असमानता तथा अव्यवस्थित फोहोर व्यवस्थापन जस्ता समस्याहरूलाई सम्बोधन गर्न आवश्यक सुधारात्मक उपायहरूको पहिचान गर्नेछ । यसले नगरबासीहरूको दैनिक जीवनमा देखिएका कठिनाइहरू समाधान गर्न मद्दत पुर्याउनेछ र जनताको जीवनस्तरलाई उकास्न योगदान दिनेछ । वीरेन्द्रनगरको साँस्कृतिक सम्पदा र पर्यटकीय सम्भावनाहरूलाई प्रभावकारी रूपमा उपयोग गरी पर्यटन प्रवर्द्धन गर्न अध्ययनले विशेष योगदान गर्नेछ । साँस्कृतिक सम्पदालाई दिगो विकाससँग जोड्न र पर्यटक आकर्षित गर्नका लागि आवश्यक योजना र रणनीति तयार पार्न अध्ययनले महत्वपूर्ण भूमिका खेल्नेछ ।

यस अध्ययनबाट प्राप्त सिफारिसले कर्णाली प्रदेशको समग्र शहरी विकास रणनीतिलाई अझ प्रभावकारी बनाउनेछ । यसले कर्णाली प्रदेशका अन्य नगरपालिकाहरूलाई पनि वातावरणमैत्री, समावेशी, र दिगो शहरी विकासतर्फ अघि बढ्न प्रेरित गर्नेछ । समग्रमा, अध्ययनको मुख्य योगदान वीरेन्द्रनगरलाई दिगो शहरीकरणको नमूनाको रूपमा विकसित गर्नका लागि आवश्यक नीतिगत हस्तक्षेप, सुधार, र रणनीति पहिचान गर्नु हो ।

## १.६. अनुसन्धान विधि

यस अध्ययनको उद्देश्य वीरेन्द्रनगर शहरका गौरव, आशा र सार्वजनिक सवालहरुको अध्ययन गर्नु हो । अध्ययनमा गुणात्मक र संख्यात्मक दुबै पद्धतिको प्रयोग गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ, जसले नगरवासीहरूको धारणा, अनुभव, र सार्वजनिक सेवासँगको अन्तरकृयालाई स्पष्ट रूपमा बुझ्न सहयोग पुर्याएको छ ।

### क) अनुसन्धान पद्धति

अध्ययनमा गुणात्मक (Qualitative) र संख्यात्मक (Quantitative) पद्धतिहरूको संयोजन गरिएको छ । गुणात्मक पद्धतिले सहभागीहरूको बुझाइको गहिराइमा पुगेर तिनका व्यक्तिगत अनुभव र धारणा प्रस्तुत गर्दछ भने, संख्यात्मक पद्धतिले विस्तृत र

संख्यात्मक रूपमा जानकारी संकलन गरी समग्र तस्बिर प्रस्तुत गर्दछ ।

**ख) तथ्यांक संकलन विधि**

***गुणात्मक विधि***

गुणात्मक विधि अन्तर्गत वीरेन्द्रनगरमा बसोबास गर्ने विभिन्न समुदायहरूको अनुभव र धारणा संकलन गर्न अन्तर्वार्ता, समूह छलफल (Focused Group Discussion) र अवलोकन गरिएको छ । यो विधिले नगरबासीहरूका व्यक्तिगत कथा, अनुभव र विचारलाई गहिराइमा अध्ययन गर्न मद्दत पुर्याएको छ ।

**अन्तर्वार्ताः** नगरका महत्वपूर्ण सरोकारवालाहरू (जस्तैः समुदायका अगुवा, व्यवसायी, सरकारी अधिकारी, महिला, युवा, तथा ज्येष्ठ नागरिक) सँग विस्तृत अन्तर्वार्ता लिइएको छ । जस अन्तर्गत १७ जनालाई प्रतिनिधिमूलक पात्रका रुपमा लिइएको छ । अन्तर्वार्तामा वीरेन्द्रनगरको शहरी विकास र सुरक्षा, सार्वजनिक सेवा प्रवाह, र व्यक्तिगत अनुभवका बारेमा जानकारी लिइएको छ ।

**समूह केन्द्रित छलफल (FGD):** शहरका फरक फरक समुदायहरूसँग छलफल गरी उनीहरूको सामूहिक अनुभव र धारणा संकलन गरिएको छ । समूह केन्द्रित छलफलबाट उनीहरुको सामूहिक सोच, अनुभव र आवश्यकताका बारेमा जानकारी लिइएको छ ।

**अवलोकनः** शहरका भौतिक संरचना, बजार, विद्यालय, अस्पताल, सडक आदि सार्वजनिक सेवासँग सम्बन्धित भौतिक पूर्वाधार र तिनको अवस्था अवलोकन गरी आवश्यक सूचना संकलन गरिएको छ । जसले सेवा प्रवाहको वास्तविकता बुझ्न मद्दत पुर्याएको छ ।

***संख्यात्मक विधि***

संख्यात्मक विधि अन्तर्गत गरिएको सर्वेक्षणबाट वीरेन्द्रनगरका बासिन्दाहरूको सामाजिक तथा आर्थिक अवस्था, शहरप्रतिको धारणा र सेवा सन्तुष्टिका बारेमा तथ्याङ्क संकलन गरिएको छ ।

**सर्वेक्षणः** चार सय पाँच जना सहभागीहरूसँग विस्तृत प्रश्नावली भरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । सर्भेका लागि उद्धेश्यमूलक सहभागी छनौट

विधि (Purposive Sampling Method) प्रयोग गरिएको छ जसले विविधता समेत सुनिश्चित गरेको छ । प्रश्नावलीमा सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवासम्बन्धी प्रश्न समावेश गरिएको छ ।

### ग) तथ्याङ्क विश्लेषण

अध्ययनको क्रममा प्राप्त गुणात्मक तथ्याङ्कलाई विभिन्न तथ्याङ्कीय उपकरणको प्रयोग गरी विश्लेषण गरिएको छ । अन्तर्वार्ता, समूह छलफल, र अवलोकनबाट संकलित तथ्याङ्कलाई विवरणात्मक तथा व्याख्यात्मक विश्लेषण गरिएको छ । सहभागीहरूको व्यक्तिगत अनुभव र धारणालाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### घ) नतिजा र निष्कर्ष

यस अध्ययनले वीरेन्द्रनगर शहरका गौरव, आशा, र सार्वजनिक सवालहरूको समग्र चित्रण प्रस्तुत गरेको छ । गुणात्मक र संख्यात्मक दुबै विधिले नगरबासीहरूको धारणा, सन्तुष्टि, र चुनौतीहरूको विस्तृत विश्लेषण गरेको छ, जसले शहरको भावी योजना निर्माणमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

परिच्छेद दुई

# वीरेन्द्रनगरको ऐतिहासिकता एवं वर्तमान अवस्था

## २.१ वीरेन्द्रनगर नगरपालिकाको इतिहास

वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा सुर्खेत उपत्यका भित्र पर्ने कट्कुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायतका केही भागलाई मिलाएर वीरेन्द्रनगर नगर पञ्चायतका रुपमा भएको हो। नेपाल सरकारको मिति २०७१ वैशाख २५ गतेको निर्णय बमोजिम साविकका छिमेकी उत्तरगंगा र लाटीकोइली गाविस वीरेन्द्रनगरमा गाभिएका हुन्। मिति २०७१ मंसीर १६ गतेको निर्णय अनुसार जर्वुटा गाविस समेत वीरेन्द्रनगरमा गाभेपछि मिति २०७२ असार १५ गतेको निर्णय बमोजिम जम्मा वडा संख्या २५ कायम गरिएको थियो। नेपाल सरकारको मिति २०७३ फागुन २७ को निर्णयअनुसार विस्तारित नगरमा साविकका गढी, रतु र गर्पन गाविस समावेश गर्दै २४५.८५ वर्ग कि.मी. क्षेत्रफल तथा १६ वडा कायम भएको स्थानीय तहका रूपमा वीरेन्द्रनगर नगरपालिका रहेको छ।[१३]

वीरेन्द्रनगर नगरपालिकामा बसोबासको प्रारम्भ वि.सं. २०२३ सालबाट भएको पाइन्छ। यसभन्दा अगाडि नगरपालिकाको मैदानी भाग (उपत्यका क्षेत्रमा) औलो लाग्ने हुँदा जिल्ला सदरमुकाम गढी गा.वि.स. मा रहेको र उपत्यकामा फाटफुट रुपमा थारु र राजी समुदायको बसोबास रहेको थियो। औलो उन्मूलन भए पश्चात् उपत्यकामा बस्ती विकास हुनुका साथै सबै सरकारी कार्यालयहरुलाई स्थानान्तरण गरी सदरमुकाम तोकियो।

वीरेन्द्रनगर नगरपालिकामा सुर्खेत जिल्लाकै अन्य भाग तथा दैलेख जिल्ला र तत्कालीन कर्णाली अञ्चलका विभिन्न जिल्लाबाट बसाईं सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको बाहुल्यता पाइन्छ। ब्राह्मण, क्षेत्री, मगर, थारु, कामी, सार्की, दमाई, दशनामी सन्यासी आदि यहाँका प्रमुख जातजाति हुन्। विभिन्न स्थानबाट बसाईं सरी आएकाले यहाँको चालचलन रीतिथिति/ संस्कृतिमा समेत विविधता पाइन्छ।

१३ राष्ट्रिय तथ्यांक कार्यालय. (2023, March 24). *राष्ट्रिय जनगणना २०७८: राष्ट्रिय प्रतिवेदन*. https://censusnepal.cbs.gov.np/

वीरेन्द्रनगरमा २०२२ सालमा विमानस्थल स्थापना भई नियमित उडान भएको पाइन्छ। साथै २०३८ सालमा रत्न राजमार्ग सडक निर्माण कार्य सम्पन्न भई सडक यातायात सेवा शुरु भए पश्चात् वीरेन्द्रनगर साविक कर्णाली अञ्चलका जिल्लाहरुको प्रवेशद्वारका रुपमा स्थापित भएको हो। साविक कर्णाली अञ्चलमा उपभोग हुने सम्पूर्ण सामग्री वीरेन्द्रनगरबाट जाने हुँदा यो पश्चिम नेपालकै प्रमुख व्यापारिक एवं शैक्षिक तथा पर्यटकीय केन्द्र समेत बन्न पुगेको छ।

पहिले चौघानचौर र २०२९ सालपछि वीरेन्द्रनगरको नामले परिचित यस नगरपालिका नेपालका राम्रा गुरुयोजना भएका नगरपालिका मध्येको एक हो। देशको सन्तुलित विकासको निम्ति चार विकास क्षेत्रमा विभाजन गर्दा वीरेन्द्रनगर सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम घोषणा गरिएको थियो भने त्यसपछि मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रुपमा समेत रह्यो।

साविकको वीरेन्द्रनगरलाई नेपालकै व्यवस्थित गुरुयोजना भएको शहरका रुपमा चिनिए तापनि पछिल्लो समयमा बढ्दो शहरीकरणका कारण शहरी व्यवस्थापनमा चुनौती थपिएको छ। विशेष गरी बसाईं सरी आउनेको चाप उपत्यकाको दक्षिणी क्षेत्रमा रहेको खेतीयोग्य जमीनमा परेपछि नगरको दिगो व्यवस्थापनमा कठिनाई उत्पन्न भएको देखिन्छ। राज्यको पुनर्संरचनासँगै वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानीको रुपमा स्थापित भएको छ। अतः प्रदेशकै प्रशासनिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रुपमा रहेको वीरेन्द्रनगर प्रशस्त सम्भावना बोकेको शहर हो।[१४]

## २.२ वीरेन्द्रनगरको वर्तमान अवस्था

वीरेन्द्रनगर नगरपालिका हाल कर्णाली प्रदेशको राजधानी हो। नगरपालिकामा रहेको वीरेन्द्रनगर शहर प्रदेशको आर्थिक तथा राजनीतिक क्रियाकलापको केन्द्र रही आएको छ। विशेषगरी शिक्षा, स्वास्थ्य, व्यापार र पर्यटन यहाँका प्रमुख क्रियाकलाप हुन्। कर्णाली प्रदेशका अधिकांश जिल्लाहरु जस्तै दैलेख, कालिकोट, जुम्ला, मुगु लगायतको मुख्य प्रवेशद्वार समेत वीरेन्द्रनगर हो।

### जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार वीरेन्द्रनगरको कुल जनसंख्या १ लाख ५३ हजार ८

१४ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०८०). संक्षिप्त परिचय. वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. Retrieved August 6, 2025, from https://birendranagarmun.gov.np/ne/node/5

सय ६३ रहेको छ। जसमा ४८.८ प्रतिशत पुरुष र ५१.२ प्रतिशत महिला रहेका छन्। वीरेन्द्रनगरमा कुल परिवार संख्या ३८,३७७ रहेको छ।[१५]

## उमेरअनुसारको जनसंख्या

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १९ भन्दा कम | ३२,७८० | २८,३३६ | ६१,११६ |
| २०-२४ | ७,५३१ | ९,०२१ | १६,५५२ |
| २५-३९ | १६,९०१ | २१,९८२ | ३८,८८३ |
| ४०-५९ | १२,९६१ | १३,५०० | २६,४६१ |
| ६० माथि | ४,९५६ | ५,८९५ | १०,८५१ |
| **जम्मा** | **७५,१२९** | **७८,७३४** | **१,५३,८६३** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*

## जनसंख्या वृद्धि

| वर्ष | महिला | पुरुष | कुल |
|---|---|---|---|
| २०४८ | ११,२३० | १६,०५६ | २७,२८६ |
| २०५८ | १५,६३८ | १६,०५६ | ३१,६९४ |
| २०६८ | ५८,९९४ | ५६,३९२ | १,१५,४५१ |
| २०७८ | ७५१२९ | ७८७३४ | १५३८६३ |

*श्रोत: नगर पाश्वचित्र २०७०[१६], २०७५ वीरेन्द्रनगर र राष्ट्रिय जनगणना २०७८*

वि.सं. २०४८ सालको जनगणनाअनुसार वीरेन्द्रनगरको जनसंख्या कुल २७,२८६ थियो।[१७] २०६८ सालको जनगणनाअनुसार यहाँको जनसंख्या १,१५,४५१ रहेको थियो तर २०७८ सालको जनगणनाअनुसार यहाँको जननसंख्या १,५३,८६३ रहेको छ।

खासगरी २०७२ सालमा सुर्खेतको वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी घोषणा

१५ राष्ट्रिय तथ्यांक कार्यालय. (२०२३, March २४). राष्ट्रिय जनगणना २०७८: राष्ट्रिय प्रतिवेदन. https://censusnepal.cbs.gov.np/

१६ २०४८ र २०५८ सालको जनगणनामा साबिक वीरेन्द्रनगर नगरपालिकाको मात्रै जनसंख्या समावेश भएको।

१७ साबिक वीरेन्द्रनगर नगरपालिकाको मात्रै।

भएपछि यहाँको जनसंख्यामा उल्लेखनीय रुपमा वृद्धि आएको हो।

### साक्षरता

वीरेन्द्रनगरको साक्षरता दर समग्रमा ८७.२ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ९२.७ प्रतिशत र महिला साक्षरता दर ८२ प्रतिशत रहेको छ।[१८]

### अपाङ्गता

राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्याको २.७ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्। कुल महिलाको ३ प्रतिशत महिला र कुल पुरुषको २.४ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन्।[१९]

### वीरेन्द्रनगरमा रहेका मुख्य पूर्वाधारका संरचना

- सुर्खेत विमानस्थल
- प्रदेशस्तरका मन्त्रालय तथा सरकारी निकाय र कार्यालयका लागि भवन तथा अन्य संरचनाहरु
- कर्णाली प्रदेश रंगशाला
- सिटी बसपार्क
- प्रदेश अस्पताल
- सुर्खेत बहुमुखी क्याम्पस
- मध्यपश्चिम विश्वविद्यालय
- विभिन्न निजी शिक्षालयहरु
- तीन तारे होटलहरु
- फोरलेन र अन्य भित्री पक्की सडकहरु
- खुला क्षेत्र तथा सार्वजनिक पार्कहरु

### सरसफाई

---

१८ साबिक वीरेन्द्रनगर नगरपालिकाको मात्रै ।

१९ राष्ट्रिय तथ्यांक कार्यालय. (2023, March 24). *राष्ट्रिय जनगणना २०७८: राष्ट्रिय प्रतिवेदन*. https://censusnepal.cbs.gov.np/

बढ्दो जनसंख्या र फोहोर व्यवस्थापनको प्रभावकारी क्रियाकलापको अभावका कारण हाल वीरेन्द्रनगरको प्रमुख सवाल फोहोर व्यवस्थापन रहेको छ।[२०] नगरपालिकालाई सधैं सफा राखी वातावरणमैत्री घर, टोल, बस्ती र समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्ने क्रममा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा अभियानहरु सञ्चालन गरिएको छ।[२१]

## फोहोर मैला व्यवस्थापन

नगरपालिकाले निजी क्षेत्रको संलग्नतामा फोहोरमैला व्यवस्थापनको काम गरेको छ। स्थानीय ठूला संस्था र संगठन, होटल व्यवसायी, तरकारी व्यवसायी, फ्रेस हाउस, स्टेशनरी, फेन्सी, फलफूल पसल आदीले धैरै मात्रामा फोहोर उत्पादन गर्छन्। विभिन्न उद्योगहरूमा ठोस, जाली, काठ, वा अन्य फोहोर उत्पादन हुन्छ।[२२]

वीरेन्द्रनगरमा दैनिक १२ टन फोहोर उत्पादन हुन्छ। उपत्यका र शहरी क्षेत्रका १ देखि १२ वडासम्मको फोहोर संकलन गरी वडा नम्बर १ धारापानीस्थित तारेभीरमा रहेको ल्याण्डफिल साइटमा व्यवस्थापन गरिएको छ। वि.सं. २०७३ देखि नगरपालिकाले तारेभीरमा फोहोर विसर्जन गर्दै आएको पाइन्छ। वीरेन्द्रनगरमा मासिक ३२ ट्याक्टर फोहोर उत्पादन हुन्छ। जसमध्ये कुहिने फोहोर ६३ प्रतिशत र नकुहिने फोहोर ३७ प्रतिशत हुन्छ।[२३] उक्त फोहोरमध्ये वार्षिक ४ हजार ३ सय २० मेट्रिक टन फोहोर व्यवस्थापन हुन सकिरहेको छैन।

वीरेन्द्रनगरमा दैनिक उत्पादन हुने फोहोरमध्ये ८ प्रतिशत रबर, १२ प्रतिशत प्लास्टिक, ४ प्रतिशत शिशा, १२ प्रतिशत पेपर, ४ प्रतिशत कपडा र ४ प्रतिशत अन्य फोहोर उत्पादन हुँदै आएको पाइन्छ। यसमध्ये पनि ३० प्रतिशत फोहोर औद्योगिक क्षेत्रबाट उत्पादन हुने गरेको छ। त्यस्तै ३५ प्रतिशत फोहोर घर र ३५ प्रतिशत फोहोर पसलहरुबाट निस्कने गरेको पाइन्छ।[२४]

२० मुख्य सुचकसँग अन्तर्वाता

२१ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०१८). वीरेन्द्रनगर नगरपालिकाको पार्श्वचित्र, २०७५. https://birendranagarmun.gov.np/sites/birendranagarmun.gov.np/files/documents/birendranagar_profile.pdf

२२ वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय. (२०१८). वीरेन्द्रनगर नगरपालिकाको पार्श्वचित्र, २०७५. https://birendranagarmun.gov.np/sites/birendranagarmun.gov.np/files/documents/birendranagar_profile.pdf

२३ वीरेन्द्रनगर नगरपालिकाका अधिकारीसँगको कुराकानी (२०८१)

२४ सिर्जना बुढाथोकी. (२०८१, श्रावण २८). फोहोर व्यवस्थापनमा वीरेन्द्रनगरको न दिगो योजना, न बजेट. News of Nepal. https://newsofnepal.com/2024/08/12/661549/

नगरपालिकाले फोहोर मैला व्यवस्थापन आफै, समुदाय परिचालन मार्फत र निजी क्षेत्रसँगको साझेदारीमा गरेको छ । हाल वीरेन्द्रनगरमा निजी क्षेत्रलाई जिम्मा दिइ वडास्तरबाट फोहोर संकलन भइरहेको छ ।[२५]

## २.३ वीरेन्द्रनगर नगरपालिका र शहरको प्रशासनिक विभाजनसम्बन्धी विवरण

नेपालमा औलो उन्मूलन भएपछि २०२३ सालमा तत्कालीन अञ्चलाधीश रामबहादुर रावलको अगुवाइमा सुर्खेतको सदरमुकाम गोठीकाँडाबाट वीरेन्द्रनगर (चौघानचौर) मा स्थानान्तरण भएको पाइन्छ । तत्कालीन राजाबाट आदेश भएअनुसार २०२९ सालमा सुर्खेत उपत्यकालाई नगर विकासको अवधारणा अनुसार विकास गर्न शुरु गरिएको थियो । २०२३ सालमा नै अञ्चलाधीश रामबहादुर रावलले तत्कालीन युवराज वीरेन्द्रको नामबाट यस शहरको नामकरण गरेको पाइन्छ । युवराजको नामबाट नामकरण भएको यो नेपालकै पहिलो जिल्ला सदरमुकाम र पहिलो शहर पनि हो । नेपालमा नगर पञ्चायतको संख्या थप्ने क्रममा २०३३ सालमा यसलाई नेपालको उन्नाइसौं नगर पञ्चायतको रुपमा समावेश गरियो ।

अञ्चलाधीश रामबहादुर रावलकै सक्रियता र पहलमा २०२३ सालमा अमेरिकन पिस कर्प्स ओभरसियर लारी बेलको प्राविधिक योजना र नक्सा अनुसार वीरेन्द्रनगरको मंगलगढी देखि गणेश चोकसम्म र पुरानो माल अड्डासम्म बाटो बनाएर नगरको विस्तार गरिएको थियो । त्यसबखत बाटो बनाउँदा ज्यादै चौडा बाटोको रेखाङ्कन भएका कारण मानिसहरु दङ्ग थिए ।[२६]

वि.सं. २०३३ मा कटूकुवा, गोठीकाँडा, र जर्बुटा गाउँ पञ्चायतका केही भागहरू मिलाएर वीरेन्द्रनगर नगर पञ्चायतको स्थापना गरियो । वि.सं. २०७१ मा उत्तरगंगा र लाटीकोइली गाविसहरू समावेश गरियो । वि.सं. २०७२ मा जर्बुटा गाविस पनि वीरेन्द्रनगरमै समावेश गरियो । वि.सं. २०७३ मा गढी, रतु र गर्पन गाविसहरू समावेश गर्दै नगरपालिकाको क्षेत्र विस्तार गरियो । हाल वीरेन्द्रनगर नगरपालिका २४५.८५ वर्ग

२५ वीरेन्द्रनगर नगरपालिकाका अधिकारीसँगको कुराकानी (२०८१)

२६ पाण्डे कालिप्रसाद. (2013, April 29). वीरेन्द्रनगरको ऐतिहासिक पृष्ठभूमि र यसका आवश्यकता तथा विघ्नबाधाहरु. सुर्खेतपत्र. https://surkhetpatra.blogspot.com/2013/04/blog-post_29.html

कि.मी. क्षेत्रफलमा फैलिएको छ र यसमा १६ वटा वडा छन् ।

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको प्रमुख प्रशासनिक, शैक्षिक, र व्यापारिक केन्द्रको रूपमा विकसित हुँदै गएको छ । २०३७ सालमा नेपाल चार विकास क्षेत्रमा विभाजन भएपछि सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको राजधानी रहेको वीरेन्द्रनगर पाँच विकास क्षेत्रमा विभाजन भएपश्चात् मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राजधानी रहेको थियो । तत्कालीन मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा कर्णाली, भेरी र राप्ती अञ्चलका १५ जिल्ला समावेश थिए ।[२७]

## २.४ कसरी बन्यो वीरेन्द्रनगर?

### नामाकरण

सुर्खेत उपत्यकाको इतिहास खोतल्ने हो भने यहाँ बस्ने थारू र राजी समुदायको आगमनसम्म पुग्न सकिन्छ । औलो उन्मूलन भएपछि मात्रै यस उपत्यकामा बसोबास बढ्दै जान थालेको पाइन्छ । २०२४ सालमा चौघानचौर सदरमुकाम बनेपछि यस नगरको विकासले गति लिएको हो । जानकारहरुका अनुसार २०२९ सालपछि चौघानचौर आधिकारिक रुपमा वीरेन्द्रनगर बनेको हो । २०२९ माघ १६ मा भौतिक योजना निर्माण तथा यातायात मन्त्रालयले जारी गरेको ‘नगर योजना कार्यान्वयन ऐन’ मा वीरेन्द्रनगर भन्ने नाम उल्लेख गरिएको पाइन्छ ।

स्थानीय बोलीचालीमा चौघानचौरलाई चौहानचौर पनि भन्ने गरेको भेटिन्छ । २०३४ सालमा सुर्खेत उपत्यकाको भौतिक परियोजना टोलीले बनाएको वीरेन्द्रनगरको नक्शामा हालको आँखा अस्पताल चोकलाई ‘चौहान चोक’ भनेर लेखिएको छ । नेपाली शब्दकोषमा चौघान भन्नाले गाउँ नगर आदिको बीचमा रहेको वा धेरैलाई पायक पर्ने गरी तोकिएको मुख्य ठाउँ वा सदरमुकाम वा चौबाटो भनिएको छ । वीरेन्द्रनगर नामकरण भएपनि स्थानीयबासीले पछिसम्मै चौघानचौर उच्चारण गर्ने गरेको पाइन्छ ।[२८]

### बस्ती विकास

२०२२ सालमा दाङ जिल्लाबाट सपरिवार वीरेन्द्रनगर बसाइँ सरेका थारू समुदायका

२७ मुख्य सुचकसँगको अन्तर्वार्ता ।

२८ रावल, दिनेश. (2023, April 15). सरकारी अस्पतालको बेथिति. eKantiour. https://ekantipur.com/feature/2023/04/15/168152169587534721.html

अगुवा लीलाधर थारूले वीरेन्द्रनगरको बस्ती विकास यस्तो होला भन्ने कल्पना पनि नगरेको बताउँछन् । उनी अहिले बस्दै आएको भुरेलीमा त्यो बेला खरबारी र सालका रूख मात्र थिए । वन्यजन्तुको त्रास उस्तै थियो । मान्छे बस्नै नसक्ने झाडी थियो । हँसिया, कुटो, कोदालोले झाडी फालेर जमीन बनाइएको थियो । झाडी फाँडेर खरको छानो भएको घर बनाइयो । ७९ वर्षीय लीलाधरलाई उबेलाका कुरा दन्त्यकथा लाग्छन् ।[२९] अहिले वीरेन्द्रनगरमा जताततै कंक्रिटका घर छन् ।

गौचरनका रूपमा रहेको वीरेन्द्रनगरमा २०२२ सालमा औलो उन्मूलन घोषणा गरिएको थियो । २०२३ को मंसीरबाट मान्छेहरू स्थायी रूपमा वीरेन्द्रनगरमा बसोबास गर्न थालेका हुन् । उपत्यका क्षेत्रमा औलो लाग्ने भएकाले त्यसअघि स्थानीयहरू झन्डै एक घण्टा उकालो हिंडेपछि पुगिने गोठीकाँडा (सुर्खेतको पुरानो सदरमुकाम) मा बस्थे ।[३०]

## वीरेन्द्रनगरको गुरुयोजना

वीरेन्द्रनगर शहरका योजनाकार माधवभक्त माथेमाका अनुसार[३१] २०२९ सालमा नगर योजना बनाउँदा यहाँको भूगोललाई तीन भागमा बाँडिएको थियो । पूर्वको इत्राम खोलादेखि पश्चिम खोर्के खोलाको बीचको भागलाई सरकारी लगानीमा शहरी विकास गर्ने, भैरवस्थानदेखि पश्चिममा ढोडेखालीसम्मको भागलाई स्थानीयको लगानीबाट विकास गर्ने तथा रत्न राजमार्ग भन्दा तल्लो भागलाई सरकारी स्वामित्वमा कृषि क्षेत्रका रूपमा विकास गर्ने योजना बनेको थियो । उक्त योजना २५ वर्षको अवधिलाई ख्याल गरेर बनाइएको थियो ।

## शहरको गुरुयोजनाबारे योजनाकार माथेमा :

*त्यो बेला विभिन्न सरकारी मन्त्रालय र अर्ध–सरकारी विभागहरूका कार्यालयहरु विशेषगरी खाद्य, कृषि, इञ्जिनियरिङ लगायतका कार्यालयहरू राख्ने भनेर तयार गर्यौं । भोली गएर जनसंख्या वृद्धि हुने अनुमानसहित हामीले योजना बनाएका थियौं । गुरुयोजना बनाउने बेला नै वैकल्पिक गुरुयोजनाको परिकल्पना गरिएको थियो । अहिलेको विमानस्थल बाहेक देउती बज्यै क्षेत्रमा पूर्व–पश्चिम पर्नेगरी विमानस्थलको विकल्प*

२९ रावल, दिनेश. (2023, April 15). सरकारी अस्पतालको बेथिति. eKantiour. https://ekantipur.com/feature/2023/04/15/168152169587534721.html

३० रावल, दिनेश. (2023, April 15). सरकारी अस्पतालको बेथिति. eKantiour. https://ekantipur.com/feature/2023/04/15/168152169587534721.html

३१ https://sajhabisaunee.com/archives/41107

*हेरिएपनि त्यहाँ विमानस्थल बनाउँदा धेरै मानिस विस्थापित हुने भएपछि सफल हुन सकेन । उपत्यका ठूलो भएकाले नेपालगञ्जलाई यो क्षेत्रको हवाई हब बनाउने बारेमा पनि सोचिएको थियो । पहिलेको योजना सफल नहुँदा अबको समयमा संरचना विकास गरेर वीरेन्द्रनगर उपत्यकामा ठूला विमान चलाउने सम्भावना कम छ ।*[३२]

## २.५ वीरेन्द्रनगरका प्रमुख प्राथमिकताका क्षेत्रहरु

२०५४ सालमा वीरेन्द्रनगर नगरपालिकाले निर्णय गरेर यस नगरलाई शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर बनाउने योजना बनाएको थियो ।[३३] हाल वीरेन्द्रनगर नगरपालिकाको प्रमुख नारा *'शैक्षिक, प्रशासनिक, पर्यटकीय शहरः स्वच्छ, समुन्नत वीरेन्द्रनगर'* रहेको छ ।

### शैक्षिक शहर

शिक्षाको सवालमा वीरेन्द्रनगर निकै गर्व गर्न लायक रहेको छ । यहाँका बासिन्दा तथा सरोकारवालाहरुले समेत मध्यपश्चिम विश्वविद्यालय र अन्य सरकारी तथा निजी शैक्षिक संस्थाहरु गर्व गर्न लायक रहेको बताउँछन् ।[३४] हाल वीरेन्द्रनगरमा कर्णाली प्रदेशका सबैजसो जिल्ला र अन्य प्रदेशका विद्यार्थीहरु अध्ययनरत छन् ।

वीरेन्द्रनगरमा माध्यामिक तहसम्मका ६० वटा सामुदायिक विद्यालय र ९४ वटा संस्थागत विद्यालयहरु रहेका छन् ।[३५] पछिल्लो तथ्याङ्कअनुसार उक्त विद्यालयमा १३ हजारभन्दा बढी विद्यार्थीहरुले अध्ययन गरिरहेका छन् ।[३६] उच्च शिक्षाका लागि यहाँ सातवटा संस्थागत तथा सामुदायिक क्याम्पस/कलेजहरु, त्रिभुवन विश्वविद्यालयको एक आङ्गिक क्याम्पस र मध्यपश्चिम विश्वविद्यालयका सात संकाय तथा विभिन्न केन्द्रीय विभागहरु रहेका छन् ।

---

३२ साझा बिसौनी दैनिक. (2024, May 13). यसरी बनाइएको थियो 'वीरेन्द्रनगर गुरूयोजना.. https://sajhabisaunee.com/archives/41107

३३ वीरेन्द्रनगर नगरपालिकाको मेयर बालाराम शर्मासँगको कुराकानी। उहाँका अनुसार २०५४ सालमा नयाँ गुरुयोजना बनाउने समेत निर्णय नगरपालिकाबाट भएको थियो।

३४ मुख्य सुचकसँगको कुराकानी।

३५ नगरपालिकाका अधिकारीसँगको सोधपुछ।

३६ Nepal Archives. (n.d.). Birendranagar Municipality, Surkhet Profile. Nepal Archives. Retrieved December 6, 2024, from https://www.nepalarchives.com/content/birendranagar-municipality-surkhet-profile/

मध्यपश्चिम विश्वविद्यालयका विभिन्न क्याम्पसमा कुल १० हजार विद्यार्थी अध्ययनरत रहेकोमा आधाजसो अर्थात् पाँच हजारभन्दा बढी विद्यार्थी वीरेन्द्रनगरमा अध्ययनरत छन् ।[३७] यस्तै त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस सुर्खेत बहुमुखी क्याम्पसमा करिब पाँच हजार विद्यार्थीहरुले विभिन्न विषयमा उच्च शिक्षा अध्ययन गरिरहेका छन् ।[३८] यस हिसाबले हेर्दा वीरेन्द्रनगरमा उच्च शिक्षाका लागि करिब १० हजारभन्दा बढी र माध्यामिक तहसम्म करिब १३ हजारभन्दा बढी गरी २३ हजारभन्दा बढी विद्यार्थीहरु अध्ययनरत रहेको देखिन्छ ।

## प्रशासनिक शहर

हाल कर्णाली प्रदेशको राजधानी रहेको वीरेन्द्रनगर साबिक मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राजधानी समेत हो । जनसँख्याको हिसाबले यस शहर प्रदेशको सबैभन्दा ठूलो नगरपालिका समेत हो । वीरेन्द्रनगरमा प्रदेश सरकारका विभिन्न निकाय सञ्चालन गर्न पर्याप्त भौतिक संरचना र सुविधा छन् । जसका कारण यहाँ प्रशासनिक सुगमता रहेको पाइन्छ । वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी भएका कारण सरकारी संरचनाका अलावा अन्य निजी तथा गैरसरकारी निकायका कार्यालयहरु समेत यहाँ स्थापना गरिएका छन् । प्रदेशका सबैजसो जिल्लाका नागरिकलाई पायक पर्ने भएकाले पनि वीरेन्द्रनगरलाई प्रदेश राजधानी बनाइएको हो ।

## पर्यटकीय शहर

वीरेन्द्रनगरमा मनोरम बुलबुले उद्यान, पुरातात्विक महत्वको काँक्रेबिहार, धार्मिक स्थल देउती बज्यै मन्दिर लगायतका विभिन्न पर्यटकीय स्थल रहेका छन् । यद्धपी सरोकारवालाहरुका अनुसार यहाँ आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लामो समयसम्म पर्यटकीय कृयाकलापमा संलग्न गराउन पर्याप्त संरचना छैनन् । वीरेन्द्रनगरका प्रमुख पर्यटकीय स्थलको प्रचार प्रसार तथा व्यवस्थापनका लागि आवश्यक रणनीतिहरु निर्माण गर्नुपर्ने देखिन्छ ।[३९]

## स्वच्छ शहर

३७ https://shilapatra.com/detail/127706

३८ अधिकारीहरुसँगको कुराकानी ।

३९ मुख्य सूचक तथा नगरपालिकाका अधिकारीहरुसँगको कुराकानी ।

फोहोर व्यवस्थापन वीरेन्द्रनगरको महत्वपूर्ण सवाल हो । हाल नगरपालिकामा एकीकृत फोहोर व्यवस्थापन परियोजना सञ्चालनमा रहेतापनि यसका लागि पर्याप्त र प्रभावकारी रणनीति अपनाउन आवश्यक देखिन्छ । शहरमा हरियाली प्रवर्धन गर्न यहाँको वातावरण सुहाउँदो तथा पर्यावरणका लागि आवश्यक वोटबिरुवाहरुको पहिचान गरी वृक्षारोपण गर्नुपर्ने देखिन्छ ।[४०]

४० मुख्य सूचक तथा नगरपालिकाका अधिकारीहरुसँगको कुराकानी।

परिच्छेद तीन


# वीरेन्द्रनगरका गौरव, आशा र सार्वजनिक सवालहरु

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी हो। यसको प्राकृतिक सौन्दर्य, ऐतिहासिक एवं धार्मिक स्थलहरू तथा सामाजिक-भौतिक पूर्वाधारहरूको विकासले यसको महत्व बढाएको छ। यहाँका बासिन्दाहरु वीरेन्द्रनगर शहरको भविष्य अत्यन्तै आशलाग्दो रहेको बताउँछन्। प्रस्तुत अध्ययनको यस परिच्छेदमा वीरेन्द्रनगरका गौरव, आशा र तिनका आधार तथा सम्भावनाहरूलाई विश्लेषण गरिएको छ।

## ३.१ वीरेन्द्रनगरको गौरव

वीरेन्द्रनगर नगरपालिकाको गौरवका विभिन्न आयाम रहेका छन्। जसमा प्राकृतिक सौन्दर्य, ऐतिहासिक र धार्मिक स्थलहरू तथा सामाजिक-भौतिक पूर्वाधारहरूको विकास प्रमुख हुन्।

अध्ययनको क्रममा सहभागीलाई 'वीरेन्द्रनगरको बासिन्दा हुनुको नाताले तपाईंलाई सबैभन्दा बढी के कुरामा गर्व लाग्छ?' भनेर सोधिएको थियो। उत्तरदाताहरुका अनुसार वीरेन्द्रनगरमा रहेका ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु गर्व गर्न लायक छन्। यसैगरी यहाँको हावापानी र वातावरण समेत राम्रो भएको धेरैले बताएका छन्। कतिपयले भने कर्णाली प्रदेशको राजधानी भएकै कारण वीरेन्द्रनगरको बासिन्दा हुनु गर्व लाग्ने बताएका छन्। अध्ययनको क्रममा देखिएको सबैभन्दा महत्वपूर्ण विषय 'वीरेन्द्रनगर एक योजनाबद्ध शहर हो' भन्नेमा धेरैले गर्व गर्छन्।




*स्रोतः फिल्ड सर्भे २०८१*


वीरेन्द्रनगर नगरपालिकाको गौरवका विभिन्न आयाम रहेका छन् । जसमा प्राकृतिक सौन्दर्य, ऐतिहासिक र धार्मिक स्थलहरू तथा सामाजिक-भौतिक पूर्वाधारहरूको विकास प्रमुख हुन् । अध्ययनको क्रममा सहभागीलाई 'वीरेन्द्रनगरको बासिन्दा हुनुको नाताले तपाईंलाई सबैभन्दा बढी के कुरामा गर्व लाग्छ?' भनेर सोधिएको थियो । सहभागीहरुले वीरेन्द्रनगरको प्राकृतिक सौन्दर्य, हावापानी, तथा प्रदेशको राजधानी सबैभन्दा बढी गर्व लाग्ने बताएका छन् ।

सर्भेमा सहभागी ४०५ जना मध्ये ५१ प्रतिशतले वीरेन्द्रनगर शहरको बासिन्दा हुनुमा धेरै गौरव गर्ने बताएका छन् । यसैगरी ४३ प्रतिशतले अलिअलि गौरव गर्ने र ६ प्रतिशतले गौरव नगर्ने बताए । वीरेन्द्रनगरमा हाल वसोवास गरिरहेकाहरुमध्ये २०३६ साल पछि एवं २०६३ सालअघि वीरेन्द्रनगरमा वसोवास गर्न शुरु गरेका बासिन्दाहरुले वीरेन्द्रनगर योजनावद्ध शहर हो भन्ने विषयमा सवैभन्दा वढी गर्व गरेको देखियो । यहि समयमा वीरेन्द्रनगरको गुरुयोजना कार्यान्वयनमा आएको र बासिन्दाहरु सो योजनाअनुसार वसेको हुनाले उनीहरुले वढी गौरव गरेको हुनसक्छ ।

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी हुनुका साथै एक योजनावद्ध शहर पनि हो । यहाँ भौतिक पूर्वाधार, ऐतिहासिक, धार्मिक, पर्यटकीय एवं पुरातात्विक केन्द्र आदि रहेका छन् । यसैगरी वीरेन्द्रनगरमा रहेको परम्परागत सँस्कृति, मौलिकता, यहाँको ऐतिहासिक धरोहरहरु, शैक्षिक संघ संस्था तथा विश्वविद्यालय पनि धेरैलाई गर्व लाग्ने कुरा हुन् । वीरेन्द्रनगर चारैतिर पहाडले घेरिएको उपत्यका हो जहाँ उचाई र भूगोलमा विविधता पाइन्छ । यहाँ थरीथरीका जातजाति, धर्म र बहुभुगोलबाट स्थानान्तरण भई आएका मानिसहरु बस्छन् जसले बहुसाँस्कृतिक विशेषता थपेको छ । मिश्रित समाज

वीरेन्द्रनगरको गौरवको विषय हो। वीरेन्द्रनगरलाई छोएर बग्ने भेरी नदी, धार्मिक स्थल देउती बज्यै, पुरातात्विक महत्वको काँक्रेविहार तथा मनोरम बुलबुले ताल पनि यहाँका गौरव हुन्।

**वीरेन्द्रनगर शहरको बासिन्दा हुनुमा गौरव महशुस गर्नुहुन्छ?**




*स्रोतः फिल्ड सर्भे २०८१*

२०३६ सालअघि वीरेन्द्रनगरमा बसोबास सुरु गरेका मध्ये ६४.४४% उत्तरदाताले आफू सहरको बासिन्दा हुनुमा *धेरै गौरव* गर्ने बताएका छन् भने ३१.११% ले *अलिअलि गौरव* गर्ने बताएका छन्। यसरी कुल ९५.५५% उत्तरदाताले सहरप्रतिको गौरवबोध प्रकट गरेका छन्।


तर पछिल्लो समयमा बसोबास सुरु गर्नेहरुमध्ये *धेरै गौरव* गर्नेहरुको प्रतिशत घट्दो देखिन्छ। २०७४ सालपछि बसोबास सुरु गरेका मध्ये ३९.०२% ले *धेरै गौरव*, ५३.६६% ले *अलिअलि गौरव* र ७.३२% ले *गौरव नगर्ने* बताएका छन्। यसरी गौरव गर्नेहरुको प्रतिशत ९३.८८% भए पनि, गौरव नगर्नेहरुको संख्या पहिलेको भन्दा बढेको छ।

२०३७ देखि २०६३ को अवधिमा बसोबास सुरु गरेका ५.९२% र २०६४ देखि २०७४

को अवधिमा बसोबास सुरु गरेका ८.६४% उत्तरदाताले *गौरव नगर्ने* बताएका छन्।

वीरेन्द्रनगरमा लामो समयदेखि बसोबास गर्ने नागरिकहरू आफ्नो शहरसँग धेरै अपनत्व महसुस गर्छन् र गर्व पनि गर्छन्। तर पछिल्ला वर्षमा बसोबास सुरु गर्नेहरूमध्ये *धेरै गर्व गर्ने*को संख्या घटेको छ भने *अलिअलि गर्व गर्ने* र *गर्व नगर्ने*हरुको संख्या बढेको छ। यसको अर्थ, नयाँ बसाइँ सर्ने मानिसहरूले शहरसँग पूर्ण भावनात्मक सम्बन्ध बनाउन अझ समय चाहिन्छ वा उनीहरूको अपेक्षा शहरले अझै पूरा गर्न सकेको छैन भन्ने देखिन्छ।

**वीरेन्द्रनगर एक योजनावद्ध शहर हो भन्ने कुरामा कति गौरव गर्नुहुन्छ?**




*स्रोतः फिल्ड सर्भे २०८१*

वीरेन्द्रनगर एक योजनाबद्ध शहर भएकोमा नागरिकहरूले विभिन्न उमेर समूहमा फरक–फरक रूपमा गौरव व्यक्त गरेका छन्। १८–२५ वर्षका अधिकांशले ठिकै गौरव गर्ने बताएका छन् (६७.१४%), २६–४० वर्षमा ६८.६१%, ४१–६० वर्षमा ६६.९८% र ६१ वर्षभन्दा माथि ६६.६७% ले ठिकै गौरव गरेको देखिन्छ। *धेरै गौरव* गर्नेहरूको प्रतिशत उमेरसँगै बढेको छ—१८–२५ वर्षमा ११.४३%, २६–४० वर्षमा १७.९४%, ४१–६० वर्षमा २१.७०% र ६१ वर्षभन्दा माथि ३३.३३% रहेको छ। अर्कोतर्फ, *गौरव नगर्ने*हरूको संख्या कम हुँदै गएको देखिन्छ—१८–२५ वर्षमा २१.४३%, २६–४० वर्षमा १३.४५%, ४१–६० वर्षमा ११.३२% र ६१ वर्षभन्दा माथि कुनै पनि व्यक्ति गौरव नगर्ने छैनन्। वीरेन्द्रनगरको योजनाबद्ध विकासमा नागरिकहरू विशेष गरी उमेर

बढेसँगै बढी गौरव महसुस गर्छन्, र नयाँ पुस्तामा भने ठिकै वा मध्यमस्तरको गौरव बढी देखिन्छ ।

एकजना उत्तरदाताले भनेका छन्, *'वीरेन्द्रनगरवासीको नाताले सवैभन्दा बढी गर्व लाग्ने कुरा भनेको यहाँको प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता, र समुदायको एकता हो । साथै, यहाँका मानिसहरूको अतिथि सत्कार र सहृदयता पनि गर्व गर्न लायक छन् ।*[४१]

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी हुनुका साथै एक योजनावद्ध शहर पनि हो । यहाँ भौतिक पूर्वाधार, ऐतिहासिक, धार्मिक, पर्यटकीय एवं पुरातात्विक केन्द्र आदि रहेका छन् । यसैगरी वीरेन्द्रनगरमा रहेको परम्परागत सँस्कृति, मौलिकता, यहाँको ऐतिहासिक धरोहरहरु, शैक्षिक संघ संस्था तथा विश्वविद्यालय पनि धेरैलाई गर्व लाग्ने कुरा हुन् । वीरेन्द्रनगर चारैतिर पहाडले घेरिएको उपत्यका हो जहाँ उचाई र भूगोलमा विविधता पाइन्छ । यहाँ थरीथरीका जातजाति, धर्म र बहुभुगोलबाट स्थानान्तरण भई आएका मानिसहरु बस्छन् । जसले बहुसाँस्कृतिक विशेषता थपेको छ । मिश्रित समाज वीरेन्द्रनगरको गौरवको विषय हो । वीरेन्द्रनगरलाई छोएर बग्ने भेरी नदी, धार्मिक स्थल देउती बज्यै, पुरातात्विक महत्वको काँक्रेविहार तथा मनोरम बुलबुले ताल पनि यहाँका गौरव हुन् ।


वीरेन्द्रनगरको बासिन्दा हुनुको नाताले सबैभन्दा वढी गर्व लाग्ने भनेको यहाँको प्राकृतिक सुन्दरता, साँस्कृतिक विविधता र समुदाय बीचको एकता नै हो । साथै यहाँका मानिसहरुको अतिथि सत्कार, सहृदयता पनि गर्व गर्न लायक छन् । वीरेन्द्रनगरको समृद्ध इतिहास र निरन्तर भौतिक पूर्वाधार, आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासले पनि वीरेन्द्रनगरको बासिन्दा भएकोमा गर्व लाग्छ ।

अध्ययनको क्रममा अधिकांश उत्तरदाताले वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी भएकोले आफूलाई यहाँको बासिन्दा हुनुमा गर्वको महसुस हुने बताएका छन् । यहाँको खानेपानी, विद्युत, सडक, सरकारी सेवा सुविधा, प्रादेशिक अस्पताल, सिटी हल, रंगशाला, शैक्षिक संस्था, आर्थिक उपार्जनका अवसरहरु पनि गौरवका विषय हुन् ।

४१ उत्तरदाताको पुरा जवाफः 'वीरेन्द्रनगरवासीको नाताले सवैभन्दा बढी गर्व लाग्ने कुरा भनेको यहाँको प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता, र समुदायको एकता हो। साथै, यहाँका मानिसहरूको अतिथि सत्कार र सहृदयता पनि गर्व गर्न लायक छन्। वीरेन्द्रनगरको समृद्ध इतिहास र निरन्तर विकासले पनि यहाँका वासिन्दालाई गर्व गर्ने पर्याप्त कारण दिन्छ।'


## सहरको सुरक्षा

वीरेन्द्रनगर शहरमा सुरक्षाबारे नागरिकहरूको अनुभव मिश्रित देखिन्छ। अधिकांश पुरुष (७५.३०%) र महिला (८४.८७%) ले आफूलाई *अलिअलि सुरक्षित* मात्र महसुस गरेका छन्। तर, *धेरै सुरक्षित* महसुस गर्नेहरूको संख्या निकै कम छ—पुरुषमा ७.५७% र महिलामा ५.९२% मात्र। पुरुषहरूमध्ये १७.१३% ले आफूलाई असुरक्षित भनेका छन्, जुन महिलामा ९.२१% मात्र छ। यसले पुरुषहरूले महिलाभन्दा बढी असुरक्षा महसुस गर्ने गरेको देखाउँछ। यसले वीरेन्द्रनगरमा आधारभूत सुरक्षाको अनुभूति भए पनि, पूर्ण सुरक्षा बोध गर्ने नागरिक न्यून रहेको देखाउँछ।




*स्रोतः फिल्ड सर्भे २०८१*

यस्तै वीरेन्द्रनगर नगरपालिकामा भएको फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणको क्षेत्रमा सञ्चालित अभियान र भएगरेका काम पनि गर्व गर्न लायक छन्। अर्कोतर्फ, वीरेन्द्रनगर बहुसाँस्कतृतिक शहर भएकोमा गर्व गर्ने पनि उल्लेख्य छन्। बहुसाँस्कृतिक शहर भएपनि यहाँ कुनै साम्प्रदायिक भावना नभएको र उच्चस्तरको सामाजिक सद्भाव र एकता भएको उत्तरदाताहरुको भनाई रहेको छ।




*स्रोतः फिल्ड सर्भे २०८१*

सर्वेक्षणअनुसार, २४९ जना (६१.५%) उत्तरदाताले मध्यपश्चिम विश्वविद्यालय र अन्य शैक्षिक संस्थाहरूलाई सहरको प्रमुख गौरव मानेका छन्, जसले वीरेन्द्रनगरलाई एक शैक्षिक केन्द्रको रूपमा स्थापित गरेको प्रमाणित गर्छ । यसैगरी, २३८ जना (५८.८%) ले ऐतिहासिक र धार्मिक क्षेत्रहरूलाई गौरव मानेका छन्, जसबाट यो सहरको आधुनिक विकाससँगै यसको सांस्कृतिक र ऐतिहासिक महत्त्व पनि उत्तिकै बलियो रहेको स्पष्ट हुन्छ ।

स्वास्थ्य सेवा र प्राकृतिक वातावरणलाई पनि बासिन्दाहरूले उच्च प्राथमिकता दिएको देखिन्छ । सर्वेक्षणमा २२९ जना (लगभग ५६.५%) ले कर्णाली प्रदेश अस्पताल र अन्य स्वास्थ्य संस्थाहरूलाई तथा २२७ जना (लगभग ५६%) ले यहाँको हावापानीलाई गौरवका रूपमा लिएका छन् । यसले सहरको प्राकृतिक सुन्दरता र स्वास्थ्य सेवाको उपलब्धतालाई बासिन्दाहरूले आफ्नो जीवनस्तरको महत्त्वपूर्ण हिस्सा मानेको बुझिन्छ ।

यसका अतिरिक्त, खेलकुदका पूर्वाधार (जस्तै प्रदेश रंगशाला) र सांस्कृतिक विविधतामा २१० जना (५१.८%) ले गर्व गरेको पाइएको छ । समुदायको एकता र सार्वजनिक स्थलहरू पनि गौरवका विषय बनेका छन् । १४९ जनाले मिलेर बसेको समुदाय र १४७


जनाले खुला पार्क तथा सार्वजनिक स्थलहरूमा गर्व गर्छन् । वीरेन्द्रनगर एक शैक्षिक, ऐतिहासिक, स्वास्थ्य सेवा र प्राकृतिक वातावरणको हिसाबले समृद्ध सहरका रूपमा चिनिएको देखिन्छ । यहाँका बासिन्दाहरूले शैक्षिक र ऐतिहासिक पक्षहरूलाई सबभन्दा बढी महत्त्व दिएका छन्, तर स्वास्थ्य, प्राकृतिक र सामाजिक पक्षहरूलाई पनि उत्तिकै सराहना गरेको पाइन्छ । अध्ययनको क्रममा एकजना उत्तरदाताले भनेका छन्, *'ठूला, फराकिला र कालोपत्रे सडक, त्यसमा आवश्यक पर्ने पुलपुलेसा निर्माण, सडक छेउमा पेटी निर्माण, अपाङ्गतामैत्री पैदल यात्रा गर्ने स्थान लगायतका भौतिक पूर्वाधारले नगरबासीमा गौरवको अनुभूति भएको छ ।'* [४२]

### ३.१.१ सेवा प्रवाह

वीरेन्द्रनगरमा कर्णाली प्रदेश अस्पताल रहेको छ । यसैगरी प्रादेशिक राजधानी भएको कारण प्रदेशस्तरीय सेवा प्रवाह गर्ने सम्पूर्ण कार्यालयहरु वीरेन्द्रनगरमै छन् । वीरेन्द्रनगर सुर्खेत जिल्लाको सदरमुकाम समेत रहेको हुनाले जिल्लास्तरीय कार्यालयहरु पनि यहीँ अवस्थित छन् । मध्यपश्चिम विश्वविद्यालय, अन्य शैक्षिक संस्थाहरु, प्रादेशिक मन्त्रालय लगायतका कार्यालयहरु समेत वीरेन्द्रनगरमै भएका कारण सेवा प्रवाहमा सहजता भएको छ ।

यसैगरी वीरेन्द्रनगर नगरपालिकाले स्थानीय नागरिकको आवश्यकतालाई मध्यनजर गर्दै सेवा प्रवाहलाई प्रभावकारी रुपमा अगाडि बढाएको पाइन्छ । अन्तर्वार्ताका क्रममा अधिकांश उत्तरदाताले वीरेन्द्रनगर नगरपालिकाको सेवाप्रवाह गर्व गर्न लायक रहेको बताएका छन् । यसैगरी सर्वेक्षणको क्रममा पनि थोरैले मात्र नगरपालिकाको सेवा प्रवाह प्रभावकारी नरहेको बताएका छन् ।

४२ सर्वेक्षणमा सहभागीहरुले व्यक्त गरेको विचार (२०८१)।




*स्रोतः फिल्ड सर्भे २०८१*

सर्वेक्षणमा १८% उत्तरदाताहरूले नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी छैन भनेका छन्, जुन चिन्ताजनक हो। यसले नगरपालिकाको सेवा प्रवाहमा सुधारको आवश्यकता रहेको संकेत गर्छ। अर्कोतर्फ, ४४% उत्तरदाताहरूले सेवा प्रवाह ठीकै प्रभावकारी रहेको बताएका छन् भने ३५% ले अलिअलि प्रभावकारी रहेको मानेका छन्। यी दुई समूहलाई जोड्दा, ७९% उत्तरदाताहरूले सेवा प्रवाहलाई कम वा मध्यम स्तरको प्रभावकारी मानेको देखिन्छ। यसबाट धेरैजसो बासिन्दाहरू नगरपालिकाको सेवाबाट पूर्ण रूपमा सन्तुष्ट छैनन् भन्ने देखाउँछ। केवल ३% उत्तरदाताहरूले मात्र सेवा प्रवाहलाई धेरै प्रभावकारी भनेका छन्, जुन निकै कम संख्या हो। यो तथ्याङ्कले नगरपालिकाले आफ्नो सेवाको गुणस्तर र प्रभावकारिता बढाउनका लागि गहन प्रयास गर्नुपर्ने आवश्यकता देखाउँछ।

### ३.१.२ भौतिक पूर्वाधारको विकास

वीरेन्द्रनगरमा भएको भौतिक पूर्वाधारको विकासले यहाँका नागरिकहरुको

जीवनस्तरमा निकै ठूलो परिवर्तन ल्याएको छ । विशेषगरी सडक र यातायातको क्षेत्रमा विकासले ठूलै फड्को मारेको छ । वीरेन्द्रनगरमा भइरहेको सडकको पुनर्निमाण र विस्तारका परियोजनाहरुले यहाँको यातायात प्रणालीलाई सहज बनाएको छ ।

वीरेन्द्रनगर नगरपालिकाले पछिल्ला वर्षहरुमा सडक पूर्वाधारमा ठूलो रकम लगानी गरेको छ । संघीय तथा प्रदेश सरकारको सहयोगमा नयाँ सडकहरुको निर्माण तथा पुराना सडकहरुको स्तरोन्नतीले वीरेन्द्रनगरको यातायातको विकासमा महत्वपूर्ण योगदान गरेको छ । पछिल्लो समय द्रुत गतिमा भइरहेको भौतिक पूर्वाधार विकासलाई वीरेन्द्रनगरबासीले गौरव गरेको पाइएको छ । यस अध्ययनको क्रममा छलफल गरिएका अधिकाँश उत्तरदाताले वीरेन्द्रनगरको भौतिक पूर्वाधारको विकासलाई नगरको गौरवको रूपमा लिएको बताएका थिए ।

पछिल्ला केही वर्षदेखि वीरेन्द्रनगर शहरमा भइरहेको नयाँ सडक निर्माण र पुराना सडकको स्तर उन्नतीको कामले नगरबासीमा उत्साह थपेको छ । अध्ययनको क्रममा एकजना उत्तरदाताले भनेका छन्, *'ठूला, फराकिला र कालोपत्रे सडक, त्यसमा आवश्यक पर्ने पुलपुलेसा निर्माण, सडक छेउमा पेटी निर्माण, अपाङ्गतामैत्री पैदल यात्रा गर्ने स्थान लगायतका भौतिक पूर्वाधारले नगरबासीमा गौरवको अनुभूति भएको छ ।'* [४३]

आधुनिक भौतिक पूर्वाधार विकासले गर्दा शहरको विभिन्न भागमा आवतजावत गर्न पनि सहज भएको छ । नगर भित्रका सडक पूर्वाधारको अवस्था अवलोकन गर्दा प्रगति भएको देखिएपनि सडक वरपरको अवस्था तथा सडक सुशासनको क्षेत्रमा थप काम गर्नुपर्ने देखिन्छ ।

### ३.१.३ पानी र विद्युत आपूर्ति

वीरेन्द्रनगर शहरमा खानेपानीको आपूर्ति र विद्युत सुविधामा सुधार ल्याउनका लागि विभिन्न परियोजनाहरु सञ्चालनमा रहेका छन् । खानेपानी र विजुली वीरेन्द्रनगर नगरपालिका तथा कर्णाली प्रदेश सरकारको प्राथमिकतामा रहेतापनि तात्कालिक समस्या समाधान गर्नमा भने कठिनाई उत्पन्न भएको छ । नगरपालिकाले खानेपानी


४३ सर्वेक्षणमा सहभागीहरुले व्यक्त गरेको विचार एवं अन्तर्वार्तामा सहभागीहरुले व्यक्त गरेको जानकारी (२०८१)।

आपूर्तिको ठूलो परियोजनाका रुपमा भेरी लिफ्टिङ शुरु गरेको छ ।[४४] यसले शहरभरी पानीको आपूर्ति सुविधा बढाउने अनुमान गरिएको छ। उक्त योजना नगरको भविष्यका लागि महत्वपूर्ण मानिएको छ। हाल झुप्रा खोला र केही जलाधार क्षेत्रमा रहेका मूलबाट खानेपानीको व्यवस्थापन गरिएपनि बढ्दो जनसँख्याका कारण खानेपानी आपूर्ति सहज हुन सकेको छैन । यद्यपी भेरी लिफ्टिङ आयोजनालाई नगरबासीले गौरवको रुपमा लिएको पाइन्छ।

## ३.२. वीरेन्द्रनगरका आशा

वीरेन्द्रनगरका बासिन्दाहरु शहरको भविष्यप्रति अत्यन्तै आशावादी रहेको देखिन्छ । वीरेन्द्रनगरको विकास र प्रगतिको अपेक्षामा आधारित यी आशाहरू समाजका समग्र सुधार, आर्थिक अवसर, भौतिक पूर्वाधार र साँस्कृतिक समृद्धिमा केन्द्रित छन्। वीरेन्द्रनगरमा विभिन्न सामाजिक समस्याहरु रहेता पनि समयक्रमसँगै उक्त समस्या समाधान हुनेमा नगरबासी आशावादी छन् । सर्वेक्षणका क्रममा पाँच प्रतिशतले मात्र वीरेन्द्रनगरको विकसित भविष्यबारे आशावादी नभएको बताएका छन्।

वीरेन्द्रनगरको विकसित भविष्यबारे आशा (उत्तरदाता %)




*स्रोतः फिल्ड सर्भे २०८१*

४४ वीरेन्द्रनगर नगरपालिकाका अधिकारीहरुसँगको कुराकानी।

वीरेन्द्रनगरको विकसित भविष्यका बारेमा ९५% उत्तरदाता आशावादी ( ४३% आशावादी र ५२% अलिअलि आशावादी) थिए । यद्यपी ५% ले भने आशावादी नभएको बताएका छन् ।


वीरेन्द्रनगरमा भौतिक योजनाको प्रभावकारी कार्यान्वयनले नगरबासीमा आशाको सञ्चार गरेको पाइएको छ । यसैगरी विस्तारै शिक्षित र सचेत हुँदै गएको समाज, खेल, स्वास्थ्य, शिक्षा, लगायतका सवालमा देखिएको उच्चस्तरको चेतना र खुलापनले दिगो शहर निर्माणमा आशा जगाएको छ ।

*वीरेन्द्रनगरको भविष्यप्रति म अत्यन्तै आशावादी छु । विशेषगरी यहाँको शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधार विकासको क्षेत्रमा मैले धेरैनै आशा राखेको छु । यहाँका युवा पुस्ताले ल्याउने नवीन सोच, प्रविधिको प्रयोगले पनि शहरको प्रगति र समृद्धिमा ठूलो योगदान गर्नेछ । साथै यहाँको पर्यावरण संरक्षण र पर्यटन विकासका प्रयासहरुले पनि शहरलाई उज्वल भविष्यतर्फ लैजानेमा विश्वास राखेको छु ।*

वीरेन्द्रनगरका बासिन्दाले आशावादी हुनुका विभिन्न कारणहरु रहेको बताएका छन् । जसलाई तलका बुँदाहरुमा व्याख्या गरिएको छ ।

### ३.२.१ सामाजिक समस्याको समाधान र रोजगारीका अवसर

वीरेन्द्रनगरका बासिन्दाहरू समाजमा भएका सामाजिक समस्याहरूको समाधान र रोजगारीका योजनावद्ध अवसरहरूको प्राप्तिमा आशावादी छन् । यस आधारमा, उनीहरू समाजमा देखिने विभिन्न समस्याहरू जस्तै, बेरोजगारी, असमानता, र सामाजिक विभाजन समाधान हुने विश्वास गर्छन् । सर्वेक्षणको क्रममा वीरेन्द्रनगरमा रोजगारीका अवसरहरु बढ्दो क्रममा रहेकोमा आशावादी हुनेमा युवाहरु धेरै रहेको पाइएको थियो । जसलाई तलको तालिकाले प्रष्ट पार्दछ ।




*स्रोतः फिल्ड सर्भे २०८१*

वीरेन्द्रनगरका बासिन्दाहरू समाजमा भएका सामाजिक समस्याहरूको समाधान र रोजगारीका योजनावद्ध अवसरहरूको प्राप्तिमा आशावादी छन् । यस आधारमा, उनीहरू समाजमा देखिने विभिन्न समस्याहरू जस्तै, बेरोजगारी, असमानता, र सामाजिक विभाजन समाधान हुने विश्वास गर्छन् । सर्वेक्षणको क्रममा वीरेन्द्रनगरमा रोजगारीका अवसरहरु बढ्दो क्रममा रहेकोमा आशावादी हुनेमा युवाहरु धैरै रहेको पाइएको थियो । स्वरोजगारका अवसरहरूको वृद्धि, व्यवसाय विकास, र व्यापारिक मार्गको रुपमा सुर्खेत विमानस्थल विस्तारले वीरेन्द्रनगरको आर्थिक गतिशीलता बढाउने अपेक्षा गरिएको छ । स्वरोजगारमूलक व्यापारिक गतिविधिलाई चलायमान बनाउन परम्परागत रुपमा चल्दै आएको हाटबजारको आवश्यकता रहेको उत्तरदाताको भनाई छ ।

### ३.२.२ भौतिक पूर्वाधार विकास र सामाजिक चेतना

वीरेन्द्रनगरमा भौतिक पूर्वाधारको विकास र सामाजिक चेतनाको वृद्धिप्रति बासिन्दाहरूको आशा गहिरो रहेको पाइएको छ । भौतिक पूर्वाधारहरूको निर्माण, जस्तै खेलकुद क्षेत्र, स्वास्थ्य संरचना, र शिक्षण संस्थाहरू, सडक विस्तार, आदिले शहरको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्छ । यस्ता भौतिक पूर्वाधार विकासको कारण स्थानीय बासिन्दामा वीरेन्द्रनगरको भविष्य प्रतिको आशा बढेको पाइएको छ ।

वीरेन्द्रनगरमा भइरहेको विकासले नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउने

मात्र होइन, समाजको समग्र चेतनाको वृद्धि गर्ने उत्तरदाताहरुको भनाई रहेको छ । खेलकुद क्षेत्रको विस्तारले युवाहरूलाई सक्रिय र स्वस्थ राख्न मद्दत गर्नेछ । जबकि स्वास्थ्य संरचनाले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने विश्वास छ । शिक्षण संस्थाहरूको स्थापना र विकासले शिक्षाको पहुँचलाई बढावा दिनेछ र सामाजिक चेतनामा सकारात्मक प्रभाव पार्नेछ । भौतिक पूर्वाधार विकास तथा सामाजिक चेतनाको विस्तारले समाजमा नयाँ सोच र दृष्टिकोण ल्याउने स्थानीयबासीको विश्वास छ । यसले भविष्यमा अझ राम्रो जीवनस्तरको परिकल्पना गर्न मद्दत गर्नेछ ।

### ३.२.३ शिक्षा, स्वास्थ्य, र पूर्वाधारको सुधार

वीरेन्द्रनगरको भविष्यप्रति बासिन्दाहरूको आशा मुख्यतया शिक्षा, स्वास्थ्य सेवा, र पूर्वाधारको सुधारमा केन्द्रित रहेको पाइन्छ । यी क्षेत्रमा हुने सुधारले शहरलाई समृद्धि र विकासको नयाँ उचाईमा पुर्याउने अपेक्षा गरिएको छ । शिक्षा क्षेत्रको सुधारले युवाहरूलाई आवश्यक ज्ञान र सीप प्रदान गर्नेछ, जसले उनीहरूको भविष्यलाई सुनिश्चित गर्नेछ । यस्तै, स्वास्थ्य सेवाको सुधारले जनताको जीवनस्तरलाई सुधार गर्नेछ र स्वास्थ्य समस्याहरूको समाधान गर्नेछ ।

पूर्वाधार विकास जस्तै सडक, पुल, र सार्वजनिक सेवाहरूले शहरको कार्यक्षमता र पहुँचलाई सुधार गर्नेछ । यहाँका युवा पुस्ताले प्रविधिको प्रयोग र नवीन सोचबाट शहरको प्रगति र समृद्धिमा योगदान गर्ने अपेक्षा गरिएको छ । पर्यावरण संरक्षण र पर्यटन विकासको पहलले शहरलाई एक पर्यटकीय गन्तव्यको रूपमा प्रस्तुत गर्नेछ साथै यहाँको आर्थिक समृद्धिमा योगदान गर्नेछ । यसरी, शिक्षा, स्वास्थ्य, र पूर्वाधारको सुधार वीरेन्द्रनगरको उज्ज्वल भविष्यको प्रमुख आधार बनेको छ ।

### ३.२.४ पर्यटन विकास र आधारभूत सेवा प्रवाह


वीरेन्द्रनगरको पर्यटन विकास र आधारभूत सेवा प्रवाहमा सुधार हुनेमा यहाँका बासिन्दा आशावादी रहेका छन् । पर्यटन पूर्वाधार र सुविधाको विकासले शहरलाई एक प्रमुख पर्यटकीय गन्तव्यको रूपमा प्रस्तुत गर्नेछ जसले आर्थिक समृद्धिमा ठूलो योगदान गर्नेछ । वीरेन्द्रनगरमा विद्युत तथा खानेपानी सम्बन्धी विद्यमान समस्या छिट्टै समाधान हुनेमा यहाँका बासिन्दा निकै आशावादी छन् । यस्ता आधारभूत

सेवाहरुको सुधारले आम नागरिकको जीवनस्तरलाई सुधार गर्नेछ । यहाँको पर्यटकीयको विकाससँगै स्थानीय तहमा हुने रोजगारीका अवसरहरुको सिर्जनाले स्थानीय अर्थतन्त्रलाई सबल र सदृढ गर्नेछ ।

### ३.२.५ साँस्कृतिक र धार्मिक सम्पदाको संरक्षण

वीरेन्द्रनगर आफैमा धार्मिक तथा साँस्कृतिक सम्पदाको दृष्टिले अत्यन्तै सम्पन्न रहेको छ । वीरेन्द्रनगरका बासिन्दाहरू यस्ता साँस्कृतिक र धार्मिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन हुनेमा आशावादी छन् । वीरेन्द्रनगरमा प्रचलनमा रहेका देउडा, मगर, थारु सँस्कृतिको संरक्षण तथा देउती बज्यै, काँक्रेविहार लगायतका धार्मिक स्थलहरूको प्रवर्द्धनले साँस्कृतिक विविधताको विकास गर्नेछ । वीरेन्द्रनगरको खुला मञ्चमा हरेक महिनाको १ र १५ गते आयोजना हुने स्वतःस्फूर्त देउडा खेलको संरक्षणमा विशेष ध्यान दिनु जरुरी छ ।  साँस्कृतिक र धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनले वीरेन्द्रनगरको मौलिक पहिचानलाई बलियो बनाउनेछ । यसले साँस्कृतिक समृद्धि हासिल गरी विविधतामा एकता कायम राख्नेमा यहाँका बासिन्दा विश्वस्त छन् ।

**गर्व गर्ने सांस्कृतिक पक्षहरु**




*स्रोतः फिल्ड सर्भे २०८१*

वीरेन्द्रनगरका बासिन्दाहरु यहाँको सांस्कृतिक पक्षहरुमा गर्व गर्ने कुरा सर्वेक्षणबाट देखिएको छ । बहुबैकल्पिक जवाफ रोज्ने विकल्प दिएको अवस्थामा उत्तरदाताहरुलाई 'तपाईँले वीरेन्द्रनगरको कुन सांस्कृतिक पक्षमा गर्व गर्नुहुन्छ?' भन्ने प्रश्नको जवाफमा सर्वेक्षण अनुसार सबैभन्दा बढी नागरिक (५९.२६%)

ले देउडा संस्कृतिमा गर्व महसुस गरेका छन् । त्यसपछि स्थानीय उत्सव, मेला र महोत्सवमा ४९.१४% र थारु संस्कृतिमा ४७.६५% नागरिकले गर्व व्यक्त गरेका छन् । अन्य सांस्कृतिक पक्षमा लोकगीत परम्परा (४०.००%), मगर संस्कृति (३५.८०%), परम्परागत संगीत र नृत्य (२९.३८%) र सांस्कृतिक आदान–प्रदान कार्यक्रम (२३.९५%) पनि उल्लेखनीय छन् । कम प्रतिशतमा भए पनि परम्परागत पोशाक (२०.४९%), संस्कृति संरक्षण र प्रर्वद्धन कार्यक्रम (२०.४९%), आदिवासी भाषा र बोली (१८.७७%) र वैचारिक बहस र विमर्श कार्यक्रम (१८.५२%) पनि नागरिकले गौरव गर्ने पक्षको रूपमा देखिएका छन् ।

### ३.२.६ प्रदेश राजधानी

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी हो । प्रदेश राजधानी रहेको वीरेन्द्रनगरलाई थप योजनावद्ध रुपमा विकास गर्न सकेमा यसले वीरेन्द्रनगरलाई शैक्षिक, पर्यटकीय, र आर्थिक गतिविधिको केन्द्र बनाउन सकिने धेरै उत्तरदाताको विश्वास रहेको छ । प्रदेश राजधानीको हैसियतले शहरलाई प्रशासनिक र विकास निर्माण, व्यापारिक, आर्थिक लगायतका गतिविधिको केन्द्र बनाउन सकिनेछ भन्नेमा धेरै उत्तरदाता आशावादी रहेका छन् । शहरी व्यवस्थापनलाई योजनाबद्ध रुपमा अघि बढाए यसलाई एक सुन्दर र दिगो शहरको रुपमा विकास गर्न सकिन्छ । यसले शैक्षिक संस्थाहरू, व्यापारिक गतिविधिहरू, र सार्वजनिक सेवाहरूलाई प्रवर्द्धन गर्नेछ ।

### ३.२.७ सरकारी सेवा पहुँचमा सुधार

वीरेन्द्रनगरका बासिन्दाहरू सरकारी सेवा सुविधाहरूको सहज पहुँचको आशामा छन् । विशेष गरी प्रशासनिक सेवा, स्वास्थ्य सेवा, र यातायात व्यवस्थापनमा थप सुधार हुने उनीहरुले अपेक्षा गरेका छन् । सरकारी सेवाको पहुँचमा हुने सुधारले यहाँका बासिन्दाहरूको दैनिकी सहज हुनेछ । यसले स्थानीय प्रशासनको प्रभावकारिता र सेवा गुणस्तरलाई बढाउनेछ । साथै स्वास्थ्य सेवामा सुधारले जनताको स्वास्थ्य समस्याहरूको समाधान गर्नेछ र प्रशासनिक सेवामा सुधारले सेवा प्रवाहलाई प्रभावकारी बनाउनेछ ।

*एकजना उत्तरदाताले सर्वेक्षणमा भनेका छन्: 'वीरेन्द्रनगरका सरकारी निकायले सेवा प्रवाह गर्ने तौरतरिकामा व्यापक सुधार ल्याएका छन् । प्रदेशस्तरीय मन्त्रालय,*

*अस्पताल, शिक्षालयहरु, अन्य सेवा प्रदायक निकाय जस्तै टेलिकम लगायतको सेवा प्रवाहमा क्रमिक सुधार हुँदै गएको छ । यद्यपी यस्ता सरकारी सेवामा थप सुधारको आवश्यकता रहेको छ । वीरेन्द्रनगरमा रहेका सरकारी कार्यालयले प्रवाह गर्ने सेवाको गुणस्तर र पहुँच थप विस्तार हुने कुरामा आशावादी छु ।'*[४५]

अध्ययनका अनुसार सरकारी सेवाको पहुँचको विस्तार र सुधार हुनेमा स्थानीय बासिन्दाहरु धैरै नै आशावादी रहेको देखिन्छ ।

### ३.२.८ स्वरोजगार र उद्योग विकास

स्वरोजगारका अवसरहरूको वृद्धि, व्यवसाय विकास, र व्यापारिक मार्गको रुपमा सुर्खेत विमानस्थल विस्तारले वीरेन्द्रनगरको आर्थिक गतिशीलता बढाउने अपेक्षा गरिएको छ । स्वरोजगारका अवसरहरूले स्थानीय जनतालाई आत्मनिर्भर बनाउन मद्दत गर्नेछ र व्यावसायिक गतिविधिहरूलाई प्रवर्द्धन गर्नेछ । साथै कर्णाली प्रदेशमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएमा व्यापारिक र पर्यटकीय गतिविधिहरूलाई प्रवर्द्धन गर्नेछ भन्नेमा यहाँका बासिन्दाहरु आशावादी छन् । यसैगरी स्वरोजगारमूलक व्यापारिक गतिविधिलाई चलायमान बनाउन परम्परागत रुपमा चल्दै आएको हाटबजारको आवश्यकता रहेको उत्तरदाताको भनाई छ ।

### ३.२.९ खेलकुद, स्वास्थ्य र सार्वजनिक सेवाहरूको विस्तार

वीरेन्द्रनगरमा खेलकुद क्षेत्रको विकास, स्वास्थ्य सेवाको पहुँच विस्तार र सार्वजनिक यातायात व्यवस्थापनमा सुधार हुने आशा गरिएको छ । यी क्षेत्रहरूमा थप पूर्वाधारको निर्माणले जनताको जीवनस्तरलाई सुधार गर्नेछ भन्ने स्थानीय नागरिकको विश्वास रहेको छ । वीरेन्द्रनगरमा पछिल्लो समयमा भइरहेको खेलकुद क्षेत्रको विकासले बालबालिका तथा युवाको शारिरिक तथा मानसिक विकासमा महत्वपूर्ण योगदान गरेको पाइएको छ । सुविधासम्पन्न रंगशालाको निर्माणपछि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरु हुने कुरामा यहाँका बासिन्दा निकै आशावादी छन् । खेल क्षेत्रको विकासले यहाँको समग्र आर्थिक विकासमा टेवा पुग्नेमा पनि यहाँका नागरिक आशावादी छन् ।

४५ सर्वेक्षणमा सहभागी उत्तरदाताले दिएको जवाफ ।

यस्तै स्वास्थ्य सेवाको पहुँच विस्तारले जनतालाई राम्रो स्वास्थ्य सेवा प्रदान गर्नेछ र सार्वजनिक यातायात व्यवस्थापनमा सुधारले यातायातको सहजता बढाउनेछ भन्ने पनि स्थानीयको आशा रहेको छ। यसरी हेर्दा खेलकुद, स्वास्थ्य, र सार्वजनिक सेवाहरूको विस्तार वीरेन्द्रनगरका बासिन्दाहरूको आशाको महत्वपूर्ण पक्ष हो।

अन्त्यमा, वीरेन्द्रनगरका बासिन्दाहरूको आशा विभिन्न पहलमा केन्द्रित छन्, जसले शहरको समग्र विकास र प्रगतिमा योगदान गर्ने विश्वास गरिएको छ। सामाजिक समस्याको अन्त्य, भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कर्णाली राजमार्गको सुधार, पर्यटन विकास, साँस्कृतिक र धार्मिक सम्पदाको संरक्षण, प्रदेश राजधानीको हैसियत, सरकारी सेवा पहुँचको सुधार, स्वरोजगार र उद्योग विकास  एवं खेलकुद, स्वास्थ्य, र सार्वजनिक सेवाहरूको विस्तारले वीरेन्द्रनगरलाई उज्ज्वल भविष्यको दिशामा अग्रसर बनाउनेछ। यिनै आशाहरूले वीरेन्द्रनगरको समग्र समृद्धि र विकासमा महत्वपूर्ण भूमिका खेल्नेछन्।


## ३.३ वीरेन्द्रनगरका प्रमुख सार्वजनिक सवालहरु

वीरेन्द्रनगरका जल्दाबल्दा सार्वजनिक सवाल र मुद्दाहरूमा आधारित विस्तृत विश्लेषण गर्दा शहरमा उठेका विविध सवालहरूलाई क्रमशः सम्बोधन गर्न आवश्यक छ । वीरेन्द्रनगर शहरका बासिन्दाले विभिन्न विषयहरुलाई शहरका प्रमुख समस्याको रुपमा इङ्गित गरेका छन् ।

### ३.३.१ भू–उपयोग

वीरेन्द्रनगर शहरको विकास र व्यवस्थापनमा भू–उपयोग नीति एक महत्वपूर्ण मुद्दा बनेको छ । वीरेन्द्रनगरको भू–उपयोग नीति शहरको भौगोलिक र आर्थिक विकासलाई प्रभाव पार्ने प्रमुख विषय हो । यस नीतिले शहरमा उपलब्ध भूमिको उपयोग (जस्तैः आवासीय, व्यावसायिक, र औद्योगिक) योजना बनाउँछ । जसको कार्यान्वयनले शहरको संरचनात्मक विकासलाई मार्गदर्शन गर्दै, शहरी विस्तार र संसाधनहरूको सन्तुलित उपयोगलाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

उत्तरदाताहरुका अनुसार शहरको विकासका लागि भू–उपयोग नीतिको स्पष्ट र व्यवस्थित योजना बनाउनु आवश्यक छ, जसले आवासीय, व्यापारिक, र औद्योगिक क्षेत्रहरूको विकासलाई योजनाबद्ध र प्रभावकारी बनाउन मद्दत गर्छ । वीरेन्द्रनगरमा भूमि उपयोगका विविध उद्धेश्यहरू बीचको समन्वय र प्राथमिकतासँग जोडिएका सवालहरूमा विशेष ध्यान दिनु आवश्यक छ । यसका लागि स्थानीय बासिन्दा र व्यापारी तथा व्यवसायीहरूको आवश्यकतासँग तालमेल हुने योजनाहरू निर्माण गरी शहरको विकासलाई दिगो र समावेशी बनाउन जरुरी छ ।




*स्रोतः फिल्ड सर्भे २०८१*

वीरेन्द्रनगरको भू–उपयोग नीति लागू गर्दा स्थानीय नागरिकहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ भन्नेमा पनि उत्तरदाताले जोड दिएका छन् । नीति र योजना बनाउँदा स्थानीय जनसाधारण, व्यवसायी र समुदायबीच छलफल गरी निर्णय गर्नु आवश्यक छ । यसले समुदायको राय र आवश्यकताहरूलाई समेट्ने तथा शहरी योजनामा सबैको सहभागिता बढाउने अवसर प्रदान गर्दछ ।


### ३.३.२ खानेपानी र विद्युत

खानेपानी र विद्युत दुबै वीरेन्द्रनगर शहरका अत्यावश्यक पूर्वाधारहरू हुन् । यद्धपी यी दुबैको व्यवस्थापनमा अझै पनि ठूला चुनौतीहरू रहेका छन् । खानेपानीको आपूर्ति वीरेन्द्रनगर शहरका बासिन्दाका लागि ठूलो समस्याको रूपमा देखा परेको छ । धेरै घरपरिवारले नियमित रूपमा सफा र सुरक्षित खानेपानी पाउन कठिनाइ भोगिरहेका छन् । शहरका अधिकाँश क्षेत्रमा ट्युवेल र बोरिङ्ग प्रणालीमार्फत पानी आपूर्ति गरिए पनि त्यो पर्याप्त छैन । धेरै ठाउँमा दूषित पानीको समस्या रहेकोले गर्दा पानीजन्य रोगहरूको संक्रमणको संभावना पनि देखिएको छ । झाडापखाला, हैजा, टाइफाइडजस्ता रोगहरू विशेष गरी दूषित पानीका कारण फैलिन सक्ने देखिन्छ । स्वास्थ्यमा यसले गम्भीर असर पुर्याइरहेको छ ।

विद्युतको नियमित आपूर्ति पनि वीरेन्द्रनगरका बासिन्दाहरूका लागि चुनौती बनेको छ । अनियमित विद्युत आपूर्ति यो क्षेत्रको दैनिक समस्या हो । विशेष गरी झरी वा खराब मौसममा बत्ती बारम्बार जाने समस्या झनै विकराल छ । यसले गर्दा स्थानीय बासिन्दाहरूको जीवनयापनमा कठिनाइ भइरहेको छ भने व्यावसायिक गतिविधिहरूमा पनि प्रतिकूल असर पुगेको छ । नेपाल सरकारले जलविद्युतको विकासमा विभिन्न परियोजनाहरू अगाडि बढाइरहेको भए पनि, शहरका धेरै भागहरू अझै पनि अनियमित र अपर्याप्त विद्युत आपूर्तिको समस्याबाट ग्रसित छन् । यस समस्याको समाधानका लागि स्थायी र नियमित विद्युत आपूर्ति अति आवश्यक छ । जसले शहरको आर्थिक तथा सामाजिक विकासलाई गति दिन सहयोग पुर्याउँछ ।

खानेपानी र विद्युत जस्ता आधारभूत सेवाहरूको व्यवस्थित आपूर्ति शहरको समग्र विकास र स्थानीय बासिन्दाहरूको जीवनस्तर सुधार्न महत्त्वपूर्ण छन् । यी

पूर्वाधारहरूको सुधारले मात्र शहरको दिगो विकास सम्भव छ।




*स्रोत: फिल्ड सर्भे २०८१*

यस अध्ययनका क्रममा उत्तरदाताहरुलाई वीरेन्द्रनगर शहरका मुख्य सवालहरु के के हुन भनेर २० वटा विकल्प सहित छनौट गर्न दिइएको थियो। जसमा सवैभन्दा धेरैले खानेपानी समस्यालाई प्रमुख सवाल मानेका छन्। यसैगरी विजुलीलाई दोश्रो, फोहोरमैला व्यवस्थापन तेस्रो र लागू पदार्थ दुर्वयसनी चौथो प्रमुख सवाल रहेको औंल्याएका छन्। यस्तै रोजगारीको अवसर, सुशासन र ट्राफिक व्यवस्थापन समेत मुख्य सवालका रुपमा रहेका छन्।

वीरेन्द्रनगरका नागरिकहरूले शहरका प्रमुख समस्याहरू विभिन्न क्षेत्रसँग सम्बन्धित रहेको बताएका छन्। सर्वेक्षणअनुसार सबैभन्दा बढी चिन्ता खानेपानीको सुविधा (८०.९९%) र विद्युत् आपूर्तिमा (७९.५१%) रहेको देखिन्छ। त्यस्तै, फोहरमैला व्यवस्थापन (७४.०७%) र लापरवाही/दुर्व्यवस्था (६९.६३%) पनि प्रमुख


चुनौतीका रूपमा देखा परेका छन् । यातायात सुविधा र पार्किङ (५९.७५%) तथा भ्रष्टाचार र सुशासन (५९.२६%) पनि धेरै नागरिकको ध्यानाकर्षणमा छन् । वीरेन्द्रनगरमा आधारभूत सेवा जस्तै खानेपानी, विद्युत् र फोहर व्यवस्थापनप्रति सर्वाधिक ध्यान आवश्यक रहेको भने अन्य सामाजिक, आर्थिक र प्रशासनिक समस्याहरू पनि नागरिकको दैनिक जीवनमा असर पार्ने चुनौतीका रूपमा रहेको यसबाट देखिन्छ ।

### ३.३.३ सडक पूर्वाधार र फोहोर व्यवस्थापन

वीरेन्द्रनगरको सडक पूर्वाधारमा उल्लेखनीय सुधार देखिए तापनि शहरका कतिपय क्षेत्रहरूमा समस्या कायमै छन् । सडकको स्तरोन्नति भइरहेको भए पनि सडक संकेत र बत्तीको अभावले गर्दा रातको समयमा सडक यात्रा जोखिमपूर्ण रहेको छ । सडकमा ट्राफिक व्यवस्थापन गर्नका लागि सही साइनेज र सडक बत्तीको जडान गर्न जरुरी छ । यसबाहेक शहरमा पार्किङ्गको समस्या छ । जसले गर्दा ट्राफिक जाम र दुर्घटनाको सम्भावना पनि बढेको छ । पार्किङ्गको उचित व्यवस्था, साइकल लेन, र पैदलयात्रा मार्ग निर्माणले यस समस्या समाधान गर्न मद्दत गर्नेछ ।

फोहोर व्यवस्थापन वीरेन्द्रनगरमा अझै ठूलो चुनौती बनेको छ । नियमित रुपमा फोहोर उठाउने व्यवस्था छैन र कतिपय ठाउँहरूमा मानिसले सडकमा फोहोर फाल्ने गरेका छन् । जसले गर्दा शहरको वातावरणीय सुन्दरता र स्वास्थ्यमा नकारात्मक असर पुर्याइरहेको छ । वातावरणीय स्वास्थ्यलाई ध्यानमा राख्दै उचित फोहोर व्यवस्थापन प्रणालीको विकास गर्नु अत्यावश्यक छ । घरायसी फोहोरलाई सही तरिकाले व्यवस्थापन गर्दै र पुनः प्रयोग गर्न मिल्ने फोहोरलाई छुट्याउने अभ्यास शुरु गर्नुपर्दछ । यसका लागि सामुदायिक सकृयतामा शहरी जनचेतना अभिवृद्धि गर्नु आवश्यक देखिन्छ ।

**वीरेन्द्रनगरमा गर्व गर्न लायक पूर्वाधारहरु**




*स्रोत: फिल्ड सर्भे, २०८१*

उत्तरदाताहरुले शहरको भौतिक पूर्वाधारप्रति विभिन्न रुपमा गर्व व्यक्त गरेका छन् । सर्वेक्षणअनुसार सबैभन्दा बढी नागरिक (५९.०१%) ले शैक्षिक संस्थामा गर्व महसुस गरेका छन् । त्यसपछि खेल सुविधा र रंगशालामा ४५.६८% र विमानस्थल तथा बसपार्कमा ३९.०१% नागरिकले गर्व व्यक्त गरेका छन् । अन्य महत्वपूर्ण पूर्वाधारमा सरकारी कार्यालय र प्रशासनिक भवन (३६.७९%), स्वास्थ्य सेवा सुविधा (३४.८१%), सडक र यातायात सुविधा (३०.८६%) र संग्राहालय (३०.६२%) पर्दछन् । त्यस्तै, सार्वजनिक पार्क एवं हरित स्थल र धार्मिक तथा आध्यात्मिक केन्द्रमा समान रूपमा २५.४३% नागरिकले गर्व व्यक्त गरेका छन् । कम प्राथमिकताका पूर्वाधारमा टेलिफोन तथा इन्टरनेट सुविधा (२४.६९%), व्यापारिक केन्द्र एवं बजार (२०.९९%), फोहोर व्यवस्थापन (१३.५८%), आवासीय क्षेत्र (१२.१०%), सार्वजनिक यातायात (१०.१२%), बिद्युतीय संरचना एवं आपूर्ति (५.९३%), खानेपानी आपूर्ति एवं सिँचाई (५.१९%) र आपतकालीन उद्धार संरचना (४.६९%) पर्दछन् । यसबाट नागरिकहरू शैक्षिक, खेलकुद र यातायात जस्ता मुख्य पूर्वाधारप्रति बढी गर्व गर्छन् भन्ने देखिन्छ ।

### ३.३.४ स्वास्थ्य

यस अध्ययनको क्रममा उत्तरदाताहरुमध्ये ७६ प्रतिशतले वीरेन्द्रनगरमा उपलब्ध

स्वास्थ्य सेवा गुणस्तरसँग अलिअलि सन्तुष्ट रहेको बताएका छन्। धैरै सन्तुष्ट हुनेको सँख्या एकदमै कम अर्थात २ प्रतिशत मात्र छ भने २२ प्रतिशतले स्वास्थ्य सेवाको गुणस्तरसँग असन्तुष्ट रहेको बताएका छन्। वीरेन्द्रनगरमा तत्काल सम्बोधन गर्नुपर्ने स्वास्थ्य सम्बन्धी सवालहरु के के छन् भनी सोधिएको प्रश्नमा उनीहरुले विभिन्न किसिमका धारणाहरु राखेका थिए।

स्वास्थ्य सेवाको पहुँचमा वीरेन्द्रनगर शहरले ग्रामीण क्षेत्रको तुलनामा केही सुधार देखाएको भएता पनि अझै केही चुनौतीहरू कायमै छन्। शहरका कतिपय क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा पाउन मानिसहरूले कठिनाइ भोग्नुपरेको छ। आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य केन्द्रहरू स्थापना भएपनि उक्त केन्द्रहरूमा आवश्यक जनशक्ति, औषधि, र उपकरणहरूको कमी स्पष्ट देखिन्छ। चिकित्सकहरूको अभावका कारण बिरामीहरूले समयमै उपचार पाउन नसक्ने स्थिति पनि कायमै छ। औषधिको आपूर्ति र अत्याधुनिक उपकरणको अभावले गर्दा गम्भीर स्वास्थ्य समस्या भएका बिरामीहरूलाई तत्काल प्रभावकारी उपचार उपलब्ध गराउन कठिन भइरहेको छ। यसले गर्दा शहरबासीहरू विशेष गरी टाढाका बासिन्दाहरूले स्वास्थ्य सेवामा पहुँच पाउन झनै समस्या भोग्नुपरेको छ।

वीरेन्द्रनगरमा मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरू पनि दिन प्रतिदिन गम्भीर बन्दै गइरहेका छन्। विशेष गरी युवाहरूमा मानसिक तनाव र अन्य मानसिक रोगहरूको समस्या व्यापक रूपमा फैलिएको पाइएको छ। शिक्षण तथा रोजगारीका अवसरहरूमा अस्थिरता, पारिवारिक तथा सामाजिक अपेक्षा अनुसारको प्रगति हुन नसक्नु र बदलिँदो जीवनशैलीले मानसिक स्वास्थ्यमा नकारात्मक असर पुर्याइरहेको छ। यस्ता समस्या सम्बोधनका लागि पर्याप्त मानसिक स्वास्थ्य सेवा उपलब्ध छैन। धेरै मानिसहरूलाई मानसिक स्वास्थ्यसम्बन्धी सामान्य ज्ञानको कमी छ भने यस विषयमा खुला संवादको पनि अभाव छ। मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई उचित परामर्श र उपचार सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थाहरूले पनि पर्याप्त पहल गरेका छैनन्।

अध्ययनको क्रममा उत्तरदाताको भनाइ अनुसार अहिलेको अवस्थालाई सुधार गर्न स्थानीय सरकारले विशेष योजना बनाउनुपर्ने आवश्यकता छ। मानसिक स्वास्थ्यसम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउन चिकित्सक तथा परामर्शदाताको संख्या वृद्धि गर्नु आवश्यक छ। यसका लागि स्थानीय तहले विभिन्न

सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरुसँग सहकार्य गर्नु जरुरी छ । यस्तै, हाल प्रचलनमा रहेको स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउनुका साथै नगर अस्पतालको सेवा विस्तार गर्नुपर्नेमा पनि उत्तरदाताले जोड दिएका छन् ।

### ३.३.५ शिक्षा

यस अध्ययनमा सम्मिलित कुल उत्तरदाताहरुमध्ये ७९ प्रतिशतले वीरेन्द्रनगरमा कायम शैक्षिक गुणस्तरसँग अलिअलि सन्तुष्ट र ४ प्रतिशतले धेरै सन्तुष्ट रहेको बताएका छन् । त्यस्तै, शैक्षिक गुणस्तरसँग सन्तुष्ट नहुने उत्तरदाता १८ प्रतिशत रहेका छन् । अध्ययनका क्रममा उत्तरदाताहरुलाई वीरेन्द्रनगर शहरमा तत्काल सम्बोधन गर्नुपर्ने शिक्षासम्बन्धी सवालहरु के के छन् भनि सोधिएको प्रश्नमा उत्तरदाताहरुले शैक्षिक गुणस्तरलाई अझै बढाउनुपर्ने धारणा राखेका थिए ।

उत्तरदाताहरुका अनुसार वीरेन्द्रनगरमा सरकारी र निजी विद्यालयहरूको संख्या प्रशस्त भएपनि गुणस्तरीय शिक्षामा सबै बालबालिकाहरूको पहुँच पुग्न सकेको छैन । केही विद्यालयमा आवश्यक शिक्षकको कमी छ भने केहीमा शैक्षिक सामग्री तथा पूर्वाधार र पद्धतिको अभाव छ ।

यस्तै सामाजिक समस्याहरूले पनि शिक्षा क्षेत्रमा गहिरो प्रभाव पारिरहेको छ । बालविवाह र बालश्रम जस्ता समस्याहरूका कारण धेरै बालबालिकाहरू विद्यालयको पहुँचबाट बञ्चित भइरहेका छन् । विशेषगरी गरिब परिवारका बालबालिकाहरूले अध्ययन गर्नुको सट्टा घरायसी कामकाज वा श्रमिकका रूपमा काम गर्न बाध्य भइरहेका छन् । अर्कोतर्फ बालविवाहका कारण कम उमेरमै विद्यार्थीहरूले अध्ययन छोड्नुपर्ने स्थिति छ । यसका अलावा अभिभावकहरुमा पनि शैक्षिक चेतनाको कमी रहेको देखिन्छ । पढाइलाई सामान्य तवरले हेर्दा बालबालिकाहरु शिक्षाबाट वञ्चित हुनसक्ने अवस्था सिर्जना भएको छ ।

यी र यस्ता समस्याहरूको समाधानका लागि सरकारहरुले प्रभावकारी कार्यक्रम सञ्चालन गर्नु जरुरी छ । बालविवाह र बालश्रमको विरुद्धमा कडा नीति निर्माण गरी लागू गर्नुका साथै जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । यसले गर्दा अभिभावक र समुदायमा शिक्षा सम्बन्धी सकारात्मक सोच विकास हुन मद्दत मिल्नेछ । साथै बालबालिकाहरूले अध्ययनलाई प्राथमिकतामा राख्न

सक्नेछन् । यसका अलावा विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आवश्यक स्रोतसाधनको व्यवस्था गरिनुपर्छ । जसले विद्यार्थीहरूको सम्पूर्ण शैक्षिक विकासलाई सुदृढ बनाउन सहयोग पुर्याउनेछ ।

### ३.३.६ युवा उद्यमशीलता र रोजगारी

यस अध्ययनका क्रममा उत्तरदाताको जवाफ अनुसार वीरेन्द्रनगरमा बेरोजगारी समस्याले शहरको समग्र विकासमा ठूलो अवरोध सिर्जना गरेको छ । विशेषगरी युवाहरूमा रोजगारीको अभावका कारण उनीहरूको क्षमता र श्रम शक्ति सदुपयोग हुन सकिरहेको छैन । रोजगारीका अवसर सीमित हुँदा उत्पादनशील गतिविधिहरूमा युवा सहभागिता कम भइरहेको छ । रोजगारीका क्षेत्रको विकासका साथै स्वरोजगार हुने अवसर सिर्जना गर्न तथा युवा उद्यमशीलता विकास गर्न सरकारी कदमको खाँचो छ ।

यसका लागि स्थानीय सरकार र अन्य सम्बद्ध निकायहरूले विशेष रोजगारी सृजनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । युवाहरूलाई स्वरोजगार हुन र उद्यमशीलता विकास गर्न प्रोत्साहन दिनका लागि विभिन्न तालिमहरु सञ्चालन गर्न सकिन्छ । यसमा उद्यमशीलता विकास सम्बन्धी व्यवहारिक तालिम, व्यावसायिक सीप विकास कार्यक्रम, र व्यावसायिक योजना निर्माणको ज्ञानसम्बन्धी कक्षा समावेश गर्नुपर्छ । तालिमसँगै सहुलियत ऋणको व्यवस्था गर्न सके युवाहरूले लघु उद्योग स्थापना गर्न सहज अनुभव गर्नेछन् ।

शहरमा लघु उद्योगहरू स्थापना गर्नु मात्र पर्याप्त हुँदैन । युवाहरूलाई उक्त उद्योग सञ्चालनका लागि आवश्यक पर्ने सीप र स्रोतहरू पनि उपलब्ध गराउनुपर्छ । यसले उत्पादनशील क्षेत्रमा युवा संलग्नता बढाउनेछ र शहरको आर्थिक विकासमा योगदान पुर्याउनेछ । साथै, युवाहरूलाई बिदेश पलायन हुनबाट रोक्न र देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न दीर्घकालीन नीति तथा कार्यक्रमको आवश्यक छ ।

### ३.३.७ सार्वजनिक सेवाहरूको दिगो विकास र योजनावद्ध शहरीकरण

वीरेन्द्रनगरमा योजनावद्ध शहरी गुरुयोजना भएतापनि शहरको अव्यवस्थित विस्तार

हुँदा सार्वजनिक सेवाहरूमा गम्भीर असर पुगेको छ। जनसँख्याको तीव्र वृद्धिलाई ध्यानमा राखेर आवश्यक पूर्वाधारको विकास हुन सकेको छैन। जसका कारण मानिसहरूले आधारभूत सेवाहरू, जस्तै खानेपानी, ढल व्यवस्थापन, सडक, र विद्युत् जस्ता सेवाहरूमा पहुँच पाउन कठिनाइ भोगिरहेका छन्। शहरमा घरहरू अव्यवस्थित तरिकाले निर्माण भइरहेका छन् भने सार्वजनिक स्थानहरूको व्यवस्थापन पनि असन्तुलित छ। यसले गर्दा शहरको दिगो विकासमा अवरोध आएको छ।

वीरेन्द्रनगरमा योजनावद्ध शहरीकरणका लागि दीर्घकालीन दृष्टिकोण राखेर योजना बनाउन आवश्यक छ। जनसँख्या वृद्धिलाई ध्यानमा राखेर शहरको भौगोलिक अवस्थिति, वातावरणीय सन्तुलन, र प्राकृतिक स्रोतहरूको संरक्षणका आधारमा शहरी विकासलाई अघि बढाउनुपर्छ। शहरको विकास गर्दा केवल घर निर्माण मात्र नभई खुला स्थानहरूको संरक्षण, हरियाली क्षेत्रहरूको प्रवर्द्धन, र सवारी साधनको व्यवस्थापनलाई पनि ध्यान दिनुपर्छ। सार्वजनिक यातायातको सुधार, ढल निकास प्रणाली, फोहोर व्यवस्थापन, र प्रदूषण नियन्त्रणजस्ता विषयहरूलाई योजनामा समावेश गर्नुपर्छ।

दिगो विकास योजना बनाउन शहरको भविष्यलाई दृष्टिगत गर्दै सम्पूर्ण सरोकारवालाहरू सरकारी निकाय, निजी क्षेत्र, स्थानीय बासिन्दा, र विज्ञहरूको सहभागिता आवश्यक छ। शहरको दिगो विकासका लागि नीति निर्माण, योजना निर्माण र तिनको प्रभावकारी कार्यान्वयनमा सबै पक्षको जिम्मेवारी र सहयोग हुनुपर्छ। विशेषगरी, पूर्वाधार विकासको क्रममा दीर्घकालीन दृष्टिकोणले योजना बनाउनुपर्छ, जसले शहरको समग्र विकासमा टेवा पुर्याउँछ।

शहरीकरणलाई व्यवस्थित बनाउने हो भने शहरमा बसोबास गर्ने प्रत्येक व्यक्तिले आधारभूत सेवाहरू सहज रूपमा प्राप्त गर्न सक्नुपर्छ। यसका लागि भौतिक, सामाजिक, र आर्थिक पूर्वाधारहरूको विकासलाई समान रूपमा प्राथमिकता दिनुपर्छ। दिगो विकासका लागि शहरलाई स्वच्छ, सुरक्षित, र वातावरणमैत्री बनाउने योजना लागू गर्न आवश्यक छ, जसले गर्दा शहरको वातावरणीय सन्तुलन पनि कायम रहन सकोस् र भविष्यमा आउने चुनौतीहरूलाई समाधान गर्न सकियोस्।

### ३.३.८ लागूपदार्थ दुर्व्यसनी

यस अध्ययनका क्रममा वीरेन्द्रनगरको एक प्रमुख समस्याको रुपमा लागूपदार्थ दुर्व्यसनी रहेको पाइएको छ । कुल ४०५ जना उत्तरदातामध्ये २८२ अर्थात ७० प्रतिशतले यसलाई वीरेन्द्रनगरको प्रमुख समस्याको रुपमा लिएका छन् ।

लागूपदार्थ दुर्व्यसनले यहाँको समाजलाई गम्भीर रूपमा असर गरेको छ । विशेषगरी युवाहरूमा यो समस्या बढ्दै गएको देखिन्छ । लागूपदार्थ दुर्व्यसनले युवाहरूलाई मानसिक र शारीरिक रूपमा कमजोर बनाउँदै आपराधिक गतिविधिहरूमा संलग्न गराउन सक्छ । यसले उनीहरूको शैक्षिक, व्यावसायिक, र सामाजिक जीवनलाई नष्ट गर्छ ।

युवाहरूमा मानसिक स्वास्थ्य समस्या बढाउने प्रमुख कारण लागूपदार्थ दुर्व्यसन बनेको छ । साथै, दुर्व्यसनका कारण आर्थिक असुरक्षा पनि बढ्छ । जसका कारण उनीहरू अपराधको दलदलमा फस्दै जान्छन् । यस्ता समस्या समाधानका लागि सबै तहका सरकारहरुले सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गरेर काम गर्नुपर्छ । लागूपदार्थ नियन्त्रणका लागि जनचेतना अभियान, परामर्श सेवा, पुनर्स्थापना केन्द्रहरूको स्थापना, र कडा कानूनी व्यवस्था लागू गर्न आवश्यक छ ।


### ३.३.९ सडक निर्माण र यातायात व्यवस्थापन

वीरेन्द्रनगर शहरमा सडक निर्माणको क्षेत्रमा केही सुधार भएको भए पनि धेरै ठाउँमा अझै पनि स-साना समस्याहरू समाधान हुन सकेका छैनन् । शहरका कतिपय सडकहरू अझै पनि कच्ची छन् । जसले गर्दा बर्षा याममा हिलो, खाल्डाखुल्डी, र पहिरोका समस्याहरू उत्पन्न भई दैनिक आवतजावतमा कठिनाइ भइरहेको छ । कच्ची सडकहरूमा यात्रा गर्दा सवारी साधन बिग्रिने सम्भावना पनि उच्च हुने भएकाले जनताले आर्थिक बोझ व्यहोर्नुपरेको छ ।  शहरमा केही पक्की सडकहरू निर्माण भएका भए पनि ती सडकहरूको नियमित मर्मत सम्भार हुन नसक्दा बिग्रिएका छन् । सडक किनारमा फुटपाथ र नाली व्यवस्थापनको अभावले सडकहरूमा पानी जम्ने समस्या देखिएको छ ।

यसैगरी वीरेन्द्रनगरको सार्वजनिक यातायात व्यवस्थापनमा पनि सुधारको खाँचो

छ । शहरमा ट्राफिक व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन नभएकाले सवारी जामको समस्या बढ्दै गएको छ । पार्किङ्ग स्थलहरूको अभावले गर्दा मुख्य चोकहरूमा अनियन्त्रित रूपमा सवारी साधन राख्ने गरिएको पाइन्छ । यसका अलावा सार्वजनिक यातायातका साधनहरूको नियमितता र गुणस्तरमा पनि सुधार आवश्यक देखिएको छ । साथै, शहरमा यातायात संकेतहरू (साइनेज) को कमीले गर्दा चालकहरू र पैदलयात्रुहरू दुबैलाई समस्या भइरहेको छ । अर्कोतर्फ साइनेज भएका स्थानमा पनि सडक साक्षरताको अभावका कारण केही समस्या उत्पन्न भएको छ । यसको समाधानका लागि स्थानीय तहमा सडक साक्षरता र सडक सुशासनका लागि सरकारी पहलहरु आवश्यक देखिन्छ ।

वीरेन्द्रनगरमा बढ्दो जनसँख्या र यातायात चापलाई ध्यानमा राखेर आकाशे पुलको निर्माण गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । मुख्य सडकहरूमा पैदलयात्रुको सुरक्षाका लागि आकाशे पुल निर्माणले सडक पार गर्न सहज बनाउँछ । जसले गर्दा दुर्घटना जोखिम कम हुनुका साथै शहरको यातायात व्यवस्थापनलाई सुधार गर्न मद्दत पुग्छ । सडक निर्माण र यातायात व्यवस्थापनको दीर्घकालीन समाधानका लागि स्थानीय सरकार, सरोकारवालाहरू, तथा विकास साझेदारहरुबीच समन्वय गरेर योजनाबद्ध विकासका कार्यहरू अघि बढाउन आवश्यक छ ।




*स्रोतः फिल्ड सर्भे, २०८१*

सर्वेक्षण अनुसार सबैभन्दा बढी नागरिक (४८.६४%) ले सडक व्यवसाय व्यवस्थापन आवश्यक ठानेका छन् । यसका अतिरिक्त, सडक तथा पेटी व्यवस्थापन (१७.५३%) र सरसफाई तथा फोहर व्यवस्थापन (१७.०४%) पनि महत्वपूर्ण सुधारको आवश्यकता रहेको देखिएको छ । खुला स्थान, चौर तथा पार्क व्यवस्थापन

(५.६८%), वृक्षारोपण (३.२१%), सवारी साधन व्यवस्थापन (२.९६%) र सांस्कृतिक सम्पदाको संरक्षण (२.९६%) पर्दछन् । यी सबै सुधार गर्नुपर्छ भनेको संख्या १.९८% रहेको छ । नागरिकहरूले शहरको सुन्दरता र व्यवस्थितता बढाउन सडक र फोहर व्यवस्थापनलाई सबैभन्दा प्राथमिकता दिएको देखिन्छ ।

परिच्छेद चार

# निष्कर्ष तथा सुझाबहरु

## ४.१. निष्कर्ष

यस अध्ययनका प्रमुख निष्कर्षहरु तपशिलबमोजिम रहेका छन् ।

- धेरै बासिन्दाहरूलाई वीरेन्द्रनगर एक योजनाबद्ध शहर हो भन्नेमा गर्व लाग्छ । विशेष गरी २०३६ देखि २०६३ सालको बीचमा यहाँ बसोबास गर्न थालेकाहरूले वीरेन्द्रनगरलाई योजनाबद्ध शहर मान्दै यसमा गर्व गरेका छन् ।
- सर्वेक्षणमा सहभागीमध्ये २४९ जना (६१.५%) ले मध्यपश्चिम विश्वविद्यालय र अन्य शैक्षिक संस्थाहरूलाई शहरको प्रमुख गौरव मानेका छन् । त्यसैगरी, २३८ जना (५८.८%) ले ऐतिहासिक र धार्मिक क्षेत्रहरूलाई गौरव मानेका छन् ।
- बासिन्दाहरू शहरको प्राकृतिक सौन्दर्य, हावापानी, र यहाँको मिश्रित समाजप्रति गर्व गर्छन् । सर्वेक्षणअनुसार, सबैभन्दा बढी नागरिक (५९.२६%) ले देउडा संस्कृतिमा गर्व महसुस गरेका छन् । त्यसपछि स्थानीय उत्सव, मेला र महोत्सवमा ४९.१४% र थारु संस्कृतिमा ४७.६५% नागरिकले गर्व व्यक्त गरेका छन् ।
- उत्तरदाताहरुले शैक्षिक संस्था (५९.०१%), खेलकुदका सुविधा र रंगशाला (४५.६८%), र विमानस्थल तथा बसपार्क (३९.०१%) जस्ता भौतिक पूर्वाधारप्रति पनि गर्व गर्छन् ।
- वीरेन्द्रनगरका बासिन्दाहरू शहरको भविष्यप्रति निकै आशावादी छन् । केवल ५% ले मात्र वीरेन्द्रनगरको विकसित भविष्यबारे आशावादी नभएको बताएका छन् ।
- उत्तरदाताहरुले बेरोजगारी, असमानता, र सामाजिक विभाजन जस्ता समस्या समाधान हुनेमा विश्वास गर्छन् । युवाहरू विशेष गरी रोजगारीका अवसर बढ्नेमा आशावादी छन् ।
- बासिन्दाहरूले भौतिक पूर्वाधार जस्तै खेलकुद क्षेत्र, स्वास्थ्य संरचना, र शिक्षण संस्थाहरूको निर्माणले शहरको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने

विश्वास गर्छन् । उनीहरू कर्णाली राजमार्गको स्तरोन्नति हुनेमा पनि आशावादी छन् ।

- पर्यटन पूर्वाधार र सुविधाको विकासले शहरलाई एक प्रमुख पर्यटकीय गन्तव्य बनाउनेछ र आर्थिक समृद्धिमा ठूलो योगदान गर्नेछ भन्नेमा बासिन्दाहरू आशावादी छन् ।
- बिजुली र खानेपानीका विद्यमान समस्याहरू छिट्टै समाधान हुनेमा यहाँका बासिन्दाहरू निकै आशावादी छन् ।
- उत्तरदाताहरुले वीरेन्द्रनगरका केही प्रमुख चुनौती र समस्याहरू पहिचान गरेका छन्: सर्वेक्षणमा सहभागीमध्ये सबैभन्दा बढी चिन्ता खानेपानीको सुविधा (८०.९९%) र विद्युत् आपूर्तिमा (७९.५१%) रहेको देखिन्छ । फोहोरमैला व्यवस्थापन (७४.०७%) पनि प्रमुख चुनौतीका रूपमा देखा परेको छ । सार्वजनिक यातायात सुविधा र पार्किङ (५९.७५%) तथा भ्रष्टाचार र सुशासन (५९.२६%) पनि धेरै नागरिकको ध्यानाकर्षणमा छन् ।
- शहरको सुन्दरता बढाउनका लागि सबैभन्दा बढी नागरिक (४८.६४%) ले सडक व्यवसाय व्यवस्थापन आवश्यक ठानेका छन् । त्यसैगरी, सडक र पेटी व्यवस्थापनमा १७.५३% ले सुधारको आवश्यकता औंल्याएका छन् ।

माथिका प्रमुख निष्कर्षहरु सहित अध्ययनको विस्तृत निष्कर्ष तपशिलबमोजिम रहेको छः

## सहरका गौरवका आधारहरू

वीरेन्द्रनगरका बासिन्दाहरू आफ्नो शहरप्रति गहिरो गौरव राख्दछन् । सर्वेक्षणमा सहभागी ४०५ मध्ये ५१ प्रतिशतले वीरेन्द्रनगरको बासिन्दा हुनुमा "धेरै" र ४३ प्रतिशतले "अलिअलि" गौरव गर्ने बताएका छन् । यो गौरवका पछाडि निम्न आयामहरू छन्:

- वीरेन्द्रनगरलाई कर्णाली प्रदेशको एक अग्रणी शैक्षिक केन्द्र उत्तरदाताहरुले मान्छन् । मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत बहुमुखी क्याम्पस, र अन्य दर्जनौं शैक्षिक संस्थाहरूलाई शहरको प्रमुख गौरव मानिएको छ । सर्वेक्षणमा ६१.५% (२४९ जना) उत्तरदाताले शैक्षिक संस्थाहरूलाई गौरवको प्रमुख स्रोत मानेका

छन् । यहाँ उच्च शिक्षामा १० हजारभन्दा बढी र विद्यालय तहमा १३ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यसका अलवा यहाँका सिपमुलक तालिम, भाषा, कम्प्युटर लगायतका तालिम सेवा प्रदायक इनिष्टिच्युटहरुमा समेत ठुलो संख्यामा विद्यार्थीहरुले सेवा लिइरहेका छन् ।

- वीरेन्द्रनगर सहरलाई विशेषगरी २०३६ देखि २०६३ सालको अवधिमा बसोबास सुरु गरेका बासिन्दाहरूले यसको योजनाबद्ध विकासमा बढी गर्व गरेको देखिन्छ । कर्णाली प्रदेशको राजधानी हुनु आफैँमा गौरवको विषय बनेको छ, जसले प्रशासनिक सुगमता बढाएको छ ।
- शहरका काँक्रेविहार, देउती बज्यै मन्दिर, र बुलबुले उद्यान जस्ता सम्पदाहरूलाई बासिन्दाहरूले महत्वपूर्ण गौरवका रूपमा लिएका छन् । सर्वेक्षणमा ५८.८% (२३८ जना) ले यी क्षेत्रहरूलाई गौरव मानेका छन्, जसले शहरको सांस्कृतिक र ऐतिहासिक महत्त्वलाई दर्शाउँछ ।
- वीरेन्द्रनगरको उपत्यकाको भौगोलिक अवस्थिति, यहाँको हावापानी र प्राकृतिक सुन्दरतामा बासिन्दाहरू गर्व गर्छन् । सर्वेक्षणमा लगभग ५६% (२२७ जना) ले यहाँको हावापानीलाई गौरवको विषय मानेका छन् । विभिन्न जातजाति र भूगोलबाट आएका मानिसहरूको मिश्रित बसोबासले शहरलाई बहुसांस्कृतिक बनाएको छ र यहाँ उच्चस्तरको सामाजिक सद्भाव कायम छ ।

## वीरेन्द्रनगरप्रति यहाँका बासिन्दाका आशाहरू

वीरेन्द्रनगर सहरका विभिन्न सार्वजनिक सवालहरु एवं चुनौतीहरूको बावजुद, वीरेन्द्रनगरका बासिन्दाहरू आफ्नो शहरको भविष्यप्रति अत्यन्तै आशावादी छन् । सर्वेक्षणमा सहभागी ९५% उत्तरदाताहरू शहरको विकसित भविष्यबारे आशावादी देखिएका छन् । उनीहरूका मुख्य आशाहरू निम्न क्षेत्रमा केन्द्रित छन्:

- बासिन्दाहरू सडक, खानेपानी, र विद्युत जस्ता आधारभूत पूर्वाधारको विकास र सुधारप्रति आशावादी छन् । विशेषगरी, खानेपानी समस्या समाधानका लागि सुरु गरिएको भेरी लिफ्टिङ आयोजनालाई नगरबासीले भविष्यको महत्वपूर्ण र गौरवको परियोजनाको रूपमा लिएका छन् ।
- युवाहरूमा रोजगारीका अवसरहरू बढ्ने र स्वरोजगारका माध्यमबाट आर्थिक

आत्मनिर्भरता हासिल हुनेमा ठूलो आशा देखिन्छ । सुर्खेत विमानस्थलको विस्तारले व्यापार र पर्यटन प्रवर्द्धन गर्ने विश्वास छ ।

- देउडा, थारु, र मगर जस्ता स्थानीय संस्कृतिहरूको संरक्षण हुनुका साथै पर्यटकीय स्थलहरूको व्यवस्थापनमार्फत शहरलाई एक प्रमुख पर्यटकीय गन्तव्य बनाउन सकिनेमा बासिन्दा आशावादी छन् ।
- प्रदेश राजधानीको रूपमा सरकारी सेवाको पहुँच सहज हुने, प्रशासनिक सुधार हुने र बेरोजगारी, असमानता जस्ता सामाजिक समस्याहरू समाधान हुनेमा विश्वास बलियो छ ।

## वीरेन्द्रनगर सहरका सार्वजनिक सवाल तथा चुनौतीहरू

अध्ययनले वीरेन्द्रनगरका विभिन्न सार्वजनिक सवालहरू पहिचान गरेको छ । सर्वेक्षणमा बासिन्दाहरूले २० विकल्पमध्ये निम्नलाई प्रमुख समस्याको रूपमा औंल्याएका छन्:

१. **खानेपानीको अभाव:** यो शहरको सबैभन्दा प्रमुख समस्या हो । धेरै घरपरिवारले नियमित र सुरक्षित खानेपानी पाउन सकेका छैनन्, जसले गर्दा पानीजन्य रोगको जोखिम बढेको छ ।

२. **अनियमित विद्युत:** बिजुली आपूर्तिमा देखिएको अनियमितता दोस्रो प्रमुख समस्या हो, जसले जनजीवन र व्यवसायमा प्रत्यक्ष नकारात्मक असर पारेको छ ।

३. **फोहोरमैला व्यवस्थापन:** शहरको तेस्रो ठूलो चुनौती फोहोर व्यवस्थापन हो । वीरेन्द्रनगरमा दैनिक १२ टन फोहोर उत्पादन हुन्छ, जसमध्ये वार्षिक ४,३२० मेट्रिक टन फोहोर व्यवस्थापन हुन नसकेको तथ्याङ्क छ ।

४. **लागूपदार्थ दुर्व्यसन:** वीरेन्द्रनगर सहरमा यो एक गम्भीर सामाजिक समस्याको रूपमा देखा परेको छ, जसलाई सर्वेक्षणमा सहभागी ४०५ मध्ये २८२ जना (लगभग ७०%) ले प्रमुख समस्या मानेका छन् । यसले विशेषगरी युवाहरूको भविष्य र सामाजिक सुरक्षामा गम्भीर खतरा पैदा गरेको छ ।

५. **अव्यवस्थित शहरीकरण र बेरोजगारी:** योजनाबद्ध शहर भए तापनि हालको अव्यवस्थित विस्तारले सार्वजनिक सेवामा चाप बढाएको छ । अर्कोतर्फ, युवाहरूमा बेरोजगारीको समस्याले उनीहरूको क्षमता उपयोग हुन सकेको छैन र यसले अन्य सामाजिक समस्यालाई बढावा दिएको छ ।

६. **सेवाको गुणस्तरमा असन्तुष्टि:** पूर्वाधारमा गर्व भए तापनि आधारभूत सेवाको गुणस्तरमा नागरिक असन्तुष्टि स्पष्ट देखिन्छ । सर्वेक्षणमा खानेपानी (२१ जना), विद्युत (२४ जना), र फोहोर व्यवस्थापन (५५ जना) जस्ता क्षेत्रमा गर्व गर्ने उत्तरदाताको संख्या नगण्य छ । यसैगरी, स्वास्थ्य सेवाको गुणस्तरसँग २२% र शैक्षिक गुणस्तरसँग १८% उत्तरदाता असन्तुष्ट छन् ।

वीरेन्द्रनगर नगरपालिका एक यस्तो शहर हो जहाँ गौरवपूर्ण इतिहास, योजनाबद्ध विकासको जग, र भविष्यप्रति नागरिकको बलियो आशा एकातर्फ छ भने अर्कोतर्फ आधारभूत सेवा प्रवाहका गम्भीर चुनौतीहरू विद्यमान छन् । शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर बन्ने नारा  र बासिन्दाहरूको आकांक्षालाई यथार्थमा परिणत गर्न खानेपानी, विद्युत, फोहोरमैला व्यवस्थापन, र लागूपदार्थ दुर्व्यसन जस्ता समस्याहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्न आवश्यक देखिन्छ ।

## ४.२. सुझाबहरु

वीरेन्द्रनगर शहरको विकास र प्रगतिमा सामुदायिक संलग्नता, साँस्कृतिक गतिविधिहरू र स्वरोजगारका अवसरहरू अत्यन्त महत्वपूर्ण छन् । यस अध्ययनका आधारमा, वीरेन्द्रनगरलाई समग्रममा दिगो शहरी विकासको अवधारणा अनुसार विकास गर्नको लागि केही प्रमुख सुझावहरू प्रस्तुत गरिएको छ ।

- वीरेन्द्रनगर नगरपालिकाको पहिलो गुरुयोजना र त्यसको कार्यान्वयनको हालको अवस्था र चुनौतीहरु एवं नयाँ गुरुयोजना निर्माणमा काम गर्न आवश्यक छ ।
- वीरेन्द्रनगरलाई कसरी हरित शहर बनाउन सकिन्छ र त्यसले यहाँ दिगो शहरको लागि के योगदान गर्न सक्छ भन्ने विषयमा अध्ययनको आवश्यकता रहेको छ । जस्तै विरुवा रोप्दा यहाँको परिवेश र आवश्यकताका आधारमा विरुवाहरु रोप्नुपर्छ । यहाँ कुन विरुवा रोप्न आवश्यक छ र त्यसको फाइदा तथा लागतबारे अध्ययन आवश्यक रहेको छ ।
- दिगो शहरका लागि अनुकुल भौतिक संरचनाको मापदण्डका विषयमा वृहत अनुसन्धान गरी विश्वभरीका एवं नेपालका पनि अन्य अशल प्रयासहरुलाई अध्ययन गरी वीरेन्द्रनगरमा भौतिक पूर्वाधारको विकास अगाडी वढाउन आवश्यक छ ।

- वीरेन्द्रनगरमा फुटपाथ व्यवसायको अवस्था र आवश्यकताबारे वृहत अध्ययन गरी फुटपाथ व्यवसायलाई व्यवस्थित गर्न आवश्यक छ ।
- पहिलो चरणमा वीरेन्द्रनगर शहरमा रहेका पर्यटकीय स्थलहरुको आर्थिक लाभ विश्लेषण गरी दोश्रो चरणमा ती क्षेत्रमा लगानीको योजना बनाउन आवश्यक छ ।
- ग्रामीण क्षेत्रमा सडकहरूको विकास र पक्की नालाहरूको निर्माण प्राथमिकतामा राख्नुपर्छ । यसले बाढीको प्रभावलाई कम गर्नेछ र ग्रामीण जनताको यातायातको समस्या समाधान गर्नेछ । वीरेन्द्रनगर शहरका केही वडा ग्रामीण क्षेत्रमा पर्ने भएकाले त्यहाँको स्थानीय आवश्यकतालाई समेत ध्यान दिएर सडकसम्बन्धी पूर्वाधारको विकास गर्न आवश्यक छ ।
- विद्युतीय पूर्वाधारको गुणस्तरमा सुधार ल्याउन, नियमित र नयाँ प्रविधि समावेश गर्नुपर्छ । यसले बासिन्दा र व्यावसायिक क्षेत्रलाई उच्चस्तरीय विद्युतीय सेवाहरू प्रदान गर्नेछ ।
- योजना तर्जुमा गर्दा स्थानीय जनसँख्या र परम्परासँग मेल खाने विकास योजनाहरू छनोट गर्नुपर्छ । यसमा स्थानीय समुदायको सहभागिता र परामर्शलाई प्राथमिकता दिनुपर्छ ।
- स्थानीय तहले प्रदेश सरकारसँग समन्वय गरेर, वीरेन्द्रनगर र अन्य जिल्लाहरू बीचको मुख्य सडकहरूको स्तरोन्नति र मर्मत गर्नुपर्छ । यसले सम्पर्क सञ्जाललाई मजबुत बनाउनेछ र यातायात सुविधालाई सुधार्नेछ ।
- प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्न, प्राविधिक र व्यवस्थापकीय सुधारको आवश्यकता छ । स्थानीय जनतासँग परामर्श गरेर, प्रभावकारी सेवा प्रदान गर्ने योजना बनाउनुपर्छ ।
- भौतिक पूर्वाधारको विकासमा आधुनिक प्रविधि र विधिहरूको प्रयोग गर्नुपर्छ । यसले विकास प्रक्रिया तीव्र र प्रभावकारी बनाउनेछ । साथै, आर्थिक वृद्धि र समृद्धिमा योगदान पुर्याउनेछ ।
- वीरेन्द्रनगरमा भौतिक पूर्वाधारको विकास गर्दा संघीय सरकारले आर्थिक वृद्धि र दिगो विकासका लक्ष्यहरूलाई ध्यानमा राख्नुपर्छ । यसमा रंगशाला, शिक्षण अस्पताल, विश्वविद्यालय, र खाद्य तथा खानेपानीका योजनाहरू प्रमुख छन् ।

- कर्णाली प्रदेशको भौगोलिक विकटता र लागतका आधारमा, भेरी नदिमा पक्की पुल निर्माणलाई प्राथमिकता दिनुपर्छ । यसले कर्णाली प्रदेशलाई अन्य क्षेत्रसँग सहज सम्पर्कमा ल्याउनेछ ।
- संघीय र प्रदेश सरकारबीच समन्वय गरेर, वीरेन्द्रनगरलाई चीनसँग सोझै सडकमार्फत जोड्ने योजनामा प्राथमिकता दिनुपर्छ । यसले व्यापारिक र यातायात सञ्जाललाई सुदृढ पार्नेछ ।
- मानसिक स्वास्थ्य सेवाको पहुँच र शिशु पोषण कार्यक्रमहरूको प्रभावकारी सञ्चालन सुनिश्चित गर्नुपर्छ । यसले स्वास्थ्य र पोषणको समग्र स्थिति सुधार्नेछ ।
- संघीय सरकारले स्थानीय आवश्यकताहरूको आधारमा बजेट व्यवस्थापन गर्नुपर्छ । यसले विकासका योजनाहरूलाई प्राथमिकता दिनमा मद्दत पुर्याउनेछ र स्थानीय विकासलाई सुदृढ पार्नेछ ।
- वीरेन्द्रनगरमा सामुदायिक सद्भाव र एकता बढाउनका लागि विभिन्न साँस्कृतिक, साहित्यिक, बौद्धिक र खेलकुद कार्यक्रमहरूको आयोजना गर्न महत्वपूर्ण छ । यसमा विचार विमर्शका कार्यक्रमहरु, स्थानीय मेलाहरू, साहित्यिक सम्मेलनहरू, र सामुदायिक खेलकुद प्रतियोगिताहरू रहेका छन् ।
- स्थानीय मेलाहरुको आयोजनाले स्थानीय समुदायलाई एकत्रित गराउने, विभिन्न साँस्कृतिक गतिविधिहरूको आदानप्रदान गर्ने, र विभिन्न जातजाति तथा समुदायबीचको आपसी समझदारीलाई प्रोत्साहित गर्ने अवसर प्रदान गर्छन् । मेलामा स्थानीय हस्तशिल्प, खाद्य सामग्री, र साँस्कृतिक प्रदर्शनीहरू राखेर विभिन्न समुदायका मानिसहरूलाई आफ्ना परंपरागत र साँस्कृतिक पहिचान प्रस्तुत गर्न प्रोत्साहित गर्न सकिन्छ ।
- साहित्यिक सम्मेलनहरू विशेष गरी साहित्यिक कार्यशाला, कविता पाठ, कथा वाचन, र लेखन प्रतियोगिताहरू समावेश गर्न सकिन्छ । यसले साहित्यिक तथा रचनात्मकतालाई प्रोत्साहित गर्छ र स्थानीय लेखक तथा कविहरूलाई एकअर्कासँग सञ्जाल बनाउन मौका प्रदान गर्दछ । यस्ता सम्मेलनहरूले स्थानीय भाषा र साहित्यको विकासमा योगदान पुर्याउँछन् र युवाहरूलाई साहित्यमा आकर्षित गर्न मद्दत गर्छन् ।
- खेलकुद प्रतियोगिताहरूले स्वस्थ प्रतिस्पर्धा र मित्रता प्रवर्द्धन गर्छ । स्थानीय

खेलकुद कार्यक्रमहरूले समुदायमा सहकार्य र आपसी सम्बन्ध बलियो बनाउँछन् । यसले समाजको समग्र स्वास्थ्य र जीवनशैली सुधारमा योगदान पुर्याउँछ ।

- सामुदायिक सेवा कार्यक्रमहरूको आयोजना गर्दा समाजका हरेक वर्गका मानिसहरूलाई लाभ पुग्नेछ । यसमा निःशुल्क चिकित्सा शिविर र शैक्षिक कार्यक्रमहरू समावेश छन् ।
- स्वरोजगारका अवसरहरूलाई प्रवर्धन गर्नका लागि स्थानीय सरकारले विभिन्न उपायहरू अपनाउनुपर्छ । साथै कृषि, कपडा कारखाना, होमस्टे व्यवसाय, र अन्य स्थानीय उत्पादनहरूको लागि सीपमूलक तालिम प्रदान गर्नाले व्यक्तिहरूलाई स्वरोजगारमा संलग्न हुन प्रोत्साहित गर्न सकिन्छ ।
- स्वरोजगारका योजनाहरूलाई अघि बढाउन वित्तीय सहायता र बजार अध्ययनको व्यवस्था गर्नुपर्छ । यसले नयाँ व्यवसाय शुरु गर्न चाहने व्यक्तिहरूलाई आवश्यक स्रोत र जानकारी उपलब्ध गराउँछ ।

# अनुसूची १

## कुराकानी गरिएका मुख्य सुचकहरुको सुची

| क्रस | नाम | पद/प्रतिनिधित्व |
|---|---|---|
| १ | मोहनमाया ढकाल | मेयर, वीरेन्द्रनगर नगरपालिका |
| २ | निलकण्ठ खनाल | उपमेयर, वीरेन्द्रनगर नगरपालिका |
| ३ | प्रकाश पौडेल | वरिष्ठ अधिकृत, वीरेन्द्रनगर नगरपालिका |
| ४ | यामलाल गिरी | अधिकृत, वीरेन्द्रनगर नगरपालिका |
| ५ | देवकुमार सुवेदी | पुर्व मेयर, वीरेन्द्रनगर नगरपालिका |
| ६ | वालाराम शर्मा | पुर्व मेयर, वीरेन्द्रनगर नगरपालिका |
| ७ | निरक केसी | प्रतिष्ठित एवं पुराना व्यवसायी |
| ८ | प्रा.डा पदमलाल देवकोटा | पूर्व उपकुलपति, मध्यपश्चिम विश्वविद्यालय |
| ९ | दुर्गाकेशर खनाल | वीरेन्द्रनगर सवैभन्दा पुराना राजनीतिककर्मी |
| १० | पिताम्वर ढकाल | विश्लेषक |
| ११ | नवराज केसी | लेखक तथा हरित अभियन्ता |
| १२ | कुमार थापा | युवा अभियन्ता |
| १३ | गोविन्द कोइराला | अध्येता |
| १४ | विनिता बोगटी | युवा |
| १५ | ओम शाही | लागुऔषध द्रुव्यसनीविरुद्धको अभियन्ता |
| १६ | उपेन्द्र खड्का | सभापती, नेपाली कांग्रेस, वीरेन्द्रनगर |
| १७ | किरण सापकोटा | हरित अभियन्ता |

# ऋति फाउण्डेसनको बारेमा

ऋति फाउण्डेसन— कर्णाली प्रदेशका आर्थिक, राजनीतिक, सामाजिक विषय तथा नीतिगत मामिलामा अध्ययन, अनुसन्धान, बहस तथा पैरवी गर्दै आइरहेको गैरनाफामूलक संस्था हो। विशेषतः खुला र लोकतान्त्रिक बहसको वातावरण बनाई समग्र प्रादेशिक विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ। फाउण्डेसनले २०७६ सालदेखि हरेक वर्ष फागुनमा कर्णालीलाई चिन्ने र चिनाउने बहस र विमर्शको नीति उत्सव कर्णाली उत्सव ..कुडा कर्नालीका आयोजना गर्दै आइरहेको छ। फाउण्डेसनले सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत अध्ययन, अनुसन्धान तथा अभियान सञ्चालन गर्छ।


ऋति फाउन्डेसन
समृद्ध कर्णालीका लागि

**Hriti Foundation**

Birendranagar 08, Surkhet,
Karnali Province, Nepal

Telephone: (+977) 083521564

Email: info@hriti.org

Website: www.hriti.org

PURAK ASIA

**Purak Asia**

77 Kunwar Marga, Kathmandu
31, Nepal

Telephone: (+977) 14564599

Email: info@purakasia.org

Website: www.purakasia.org